
# बनेपा परिचय

## कक्षा ६




**बनेपा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बनेपा काभ्रेपलाञ्चोक**

**संरक्षक**

शान्तिरत्न शाक्य
प्रमुख

बिमला सापकोटा (दाहाल)
उपप्रमुख

**सल्लाहकारहरू**

पोषण लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

देवराज निरौला
उप-सचिव

**लेखन सल्लाहकार**
शिवराज त्रिपाठी

**लेखन तथा सम्पादन**
माधव लामिछाने
नवराज आचार्य

**भाषा सम्पादन**
रीता बादे श्रेष्ठ
ज्ञानु दाहाल
मीरादेवी पन्त

**द्वितीय संस्करण सम्पादन**
प्रा. डा. किशोर श्रेष्ठ
प्रा. भोला के. सी.
सहसचिव जयराम अधिकारी
सहसचिव वसन्त कोइराला
डा. चन्द्र प्र. लुइटेल
विज्ञ हरि शंकर मानन्धर
शाखा अधिकृत युवराज अधिकारी
विज्ञ कमला कायस्थ
विज्ञ माधव अधिकारी
शाखा अधिकृत शिवराज त्रिपाठी
मा.शि.रेनुकान्त भट्टराई
प्र.अ. माधव लामिछाने
प्र.अ. माधव प्र. तिमल्सिना

**कम्प्युटर लेआउट**
नबिन श्रेष्ठ
रबि लामा
गंगाराम ठकुरी

# प्रकाशक
बनेपा नगरपालिका

## बनेपा नगरपालिकाको कार्यालय, बनेपा काभ्रेपलाञ्चोक

**प्रथम संस्करण : २०७८**
**द्वितीय संस्करण : २०८१**

# प्रमुखको भनाइ

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षाको विकासका लागि स्थानीय पाठ्यक्रम विकास तथा प्रभावकारी कार्यान्वयनलाई महत्वपूर्ण प्रयासको रूपमा लिएको छ । यसका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १-३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघन्टा १६० कायम गरेको छ । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारभूत तहकै कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तुको पाठ्यभार ४ र पाठ्यघन्टा १२८ तोकिएको छ । यसलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यहाँको स्थानीय आवश्यकतालाई आत्मसात गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ का प्रक्रियाका आधारमा बनेपा नगरपालिकाबाट स्थानीय पाठ्यक्रमको निर्माण गरी कक्षा ६ को 'बनेपा परिचय' पाठ्यपुस्तक तयार गरिएको हो । बनेपा नगरकार्यपालिका र नगर शिक्षा समितिको निर्णयानुसार शैक्षिक सत्र २०७७ मा कक्षा १ र कक्षा ८, शैक्षिक सत्र २०७८ मा कक्षा २, कक्षा ५ र कक्षा ७ र शैक्षिक सत्र २०७९ मा कक्षा ३, कक्षा ४ र कक्षा ६ को स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र लागू भइसकेको छ । शैक्षिक सत्र २०८० देखि यसलाई परिमार्जित रुपमा विकास गरिएको छ ।

स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनले विद्यार्थीलाई विश्वव्यापीरूपमा सोच्ने र स्थानीय आवश्यकतानुसार कार्य गर्न सक्ने बनाउनुको साथ साथै स्थानीय सन्दर्भमा सोच्ने, कार्य गर्ने र समालोचनात्मक हुने क्षमताको विकास गर्दछ । यसका साथै स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वसँग जोड्न र विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीय परिवेशमा प्रयोग गर्न जोड दिन्छ । यसले स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुका साथै तिनको हस्तान्तरणमा योगदान पुऱ्याउँछ ।

'बनेपा परिचय' स्थानीय पाठ्यपुस्तक कक्षा ६ विकास र संशोधनमा संलग्न सबै प्रधानाध्यापकहरू, शिक्षकहरू, विज्ञहरू, कर्मचारीहरू, लेखकहरू, जनप्रतिनिधिहरू, कार्यदल, नगर शिक्षा समितिका पदाधिकारीहरू, नगर कार्यपालिका सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा सम्बद्ध पक्षहरूबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास गरेको छु । यो स्थानीय पाठ्यपुस्तक सबै विद्यालयहरूमा पूर्ण कार्यान्वयन हुने आशा एवम् विश्वास समेत व्यक्त गर्दछु ।

जय बनेपा !

**शान्तिरत्न शाक्य**
प्रमुख
**बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक**

# हाम्रो भनाइ

स्थानीय पाठ्यक्रमले स्थानीय तहमा रहेका ज्ञान, सिप, स्रोत, कला, परम्परा र संस्कृतिको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउने काम गर्दछ । स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश, आवश्यकता, परम्परा, व्यवसाय, भूगोल, संस्कार, इतिहास, प्रविधि, आदिको विकास र संरक्षण कार्यमा मद्दत पुऱ्याउने काम गर्दछ । यसले विद्यार्थीहरूलाई आफू बसोबास गर्ने तथा आफू अध्ययन गर्ने स्थानीय तहसँग सम्बन्धित सबै जानकारी दिने प्रयास गर्दछ । चेतनाको विकासले सबैखाले समस्याहरूको समाधानमा सहयोग पुऱ्याउँदछ । तसर्थ स्थानीय पाठ्यक्रमले स्थानीय समस्याहरूको अध्ययन र समाधान कार्यमा भाइबहिनीहरू माझ चेतनाको स्तरको विकास कार्यमा निकै महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । स्थानीय निकायभित्र अवस्थित भौगोलिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणमा यसले सहयोग पुऱ्याउँदछ । स्थानीय निकायअन्तर्गत पर्ने कला, संस्कृति, परम्परा, सिप रैथाने ज्ञानको पहिचान, संवर्धन र विकासका लागि चाहिने चेतना विद्यार्थी भाइ बहिनीहरूमा विकास गर्ने मुख्य उद्देश्य स्थानीय पाठ्यक्रमले बोकेको हुन्छ ।

यसै परिप्रेक्ष्यमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम विकास तथा निर्माण मार्गदर्शन, २०७६ अनुसार आधारभूत तहको कक्षा १–८ सम्मको लागि बनेपा नगरपालिकाद्वारा 'बनेपा परिचय' स्थानीय विषयमा पाठ्यक्रमको विकास गरिएको हो । पाठ्यक्रममा उल्लेखित सक्षमता र उद्देश्यहरू हासिल गर्न सहयोग पुग्ने गरी यो स्थानीय पाठ्यपुस्तक विकासमा अमूल्य सल्लाह सुझावहरू प्रदान गर्नुहुने संरक्षक नगर प्रमुख श्री शान्तिरत्न शाक्यज्यू, प्राविधिक तथा प्रशासनिक सहयोग प्रदान गर्न हुने सल्लाहकारद्वय उपप्रमुख श्री विमला सापकोटा (दाहाल)ज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाईंज्यूका साथै लेखकहरू, सम्पादकहरू, टाइपिङ तथा डिजाइनमा संलग्न सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौं ।

बनेपा नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूमा यो स्थानीय पाठ्यपुस्तक कार्यान्वयन गरिनेछ । यो पाठ्यपुस्तकका विषयवस्तुहरू कार्यान्वयन गर्न शिक्षण सिकाइ क्रियाकलाप महत्वपूर्ण हुन्छ । यसका लागि शिक्षकले स्थानीय ज्ञान, सिप, प्रविधि, विज्ञको अनुभव तथा सहयोग लिई कार्यान्वयन गर्न सक्नुपर्छ । यसैगरी पाठ्यपुस्तकको कार्यान्वयन प्रभावकारी बनाउन विद्यार्थी, शिक्षक, अभिभावकलगायत सम्पूर्ण सरोकारवालाहरूको भूमिका महत्वपूर्ण ठानिएको छ ।

अन्त्यमा आगामी दिनमा यस पाठ्यपुस्तकलाई अद्यावधिक र परिमार्जन गर्न सबै सरोकारवालाहरूबाट अमूल्य तथा रचनात्मक सुझावहरू प्राप्त हुने अपेक्षा गरिएको छ ।

**शिक्षा, युवा तथा खेलकूद शाखा**

# हाम्रो भनाइ

विज्ञान प्रविधिको तिव्रतर विकास, आधुनिकीकरण र विश्वव्यापीकरणको होडमा समेत स्थानीय परिवेशको ज्ञान राख्नु उत्तिनै महत्वपूर्ण हुन्छ । आफू बस्ने ठाउँ र त्यहाँको कला, संस्कृति लगायतका मौलिक सम्पदको जानकारी भएमा आफ्नो क्षेत्रप्रतिको माया, लगाव एवं आत्मीयता बढ्ने हुन्छ ।

स्थानीय विषयवस्तुको अध्ययनको महत्व र आवश्यकतालाई आत्मसात गर्दै राष्ट्रिय नितीको निर्देश समेतको आधारमा स्थानीय ठाउँ, जनजाति, पेशा, व्यवसाय, हावापानी, परिवेश, संस्कार संस्कृति, चाडपर्व, मौसम जस्ता कुराहरूको जानकारी गराउने जमर्कोका साथ बनेपा नगरपालिकाले स्थानीय पाठ्यक्रमको निर्माण गरी "बनेपा परिचय" स्थानीय पाठ्यपुस्तक आधारभुत तहमा प्रयोगमा ल्याउनु आफैँमा एक गर्वको विषय हो । यस पाठ्यपुस्तकका संरक्षक, सल्लाहकार, लेखनमा प्रत्यक्ष र परोक्ष सहयोग पुर्याउने श्री जनज्योति माध्यमिक विद्यालय, बनेपा १०, जनागाल, काभ्रेपलाञ्चोकका शिक्षक, स्टाफ, र विभिन्न तथ्य र तथ्याकंहरू उपलब्ध गराई सहयोग गर्ने बनेपा नगरकार्यपालिकाका विभिन्न विषयगत शाखा र शाखा प्रमुखहरू लगायत सम्वन्धित सवैमा धन्यवाद ज्ञापन गर्दछौँ । साथै कक्षा ६ को प्रस्तुत पाठ्यपुस्तक लेखनको जिम्मेवारी प्रदान गर्ने बनेपा नगरपालिकाको कार्यालय र विशेषत शिक्षा, युवा तथा खेलकुद शाखालाई धन्यवाद दिन चाहन्छौँ ।

पाठ्यपुस्तक कार्यान्वयनको क्रममा देखिन सक्ने सुधारात्मक पक्षहरूप्रति लेखनसमूह खुला रहेको छ । यस पाठ्यपुस्तक कार्यान्वयनको वास्तविक स्थान त विद्यालय नै हो : तसर्थ देखिन सक्ने उक्त कमीकमजोरीलाई सुधार गर्नका लागि विद्यालयहरूवाट सल्लाह र सुझावको अपेक्षा समेत गर्दछौं ।

माधव लामिछाने
नवराज आचार्य

# विषय सूची


**एकाइ - १ : स्थानीय सेवाहरू र वितरणको संयन्त्र**

पाठ १ : स्थानीय सेवाको परिचय १

पाठ २ : स्थानीय सेवा वितरणको संयन्त्र ४

पाठ ३ : स्थानीय सेवा वितरणका प्रकृया ६

**एकाइ - २ : स्थानीय प्राकृतिक श्रोत परिचालन र व्यवस्थापन**

पाठ १ : प्राकृतिक श्रोतको परिचय र महत्त्व १६

पाठ २ : प्राकृतिक श्रोतको संरक्षण १८

**एकाइ ३: जातजाति र प्रचलन**

पाठ १: वडागत जातजातिको परिचय २०

पाठ २ : जातिगत रीतिरिवाज र प्रचलन २२

पाठ ३ : जातिगत चाडपर्वहरू २४

**एकाइ ४ : स्थानीय पेशा, उद्यमशीलता र प्रविधि**

पाठ १ : परिचय २६

पाठ २ : व्यावसायिक उद्यमशीलताको महत्त्व २९

पाठ ३: व्यावसायिक उद्यमशीलताका समस्या र समाधानका उपायहरू ३१

**एकाइ ५ : योग तथा प्राणायाम**

पाठ १ : योग तथा प्राणायामको परिचय ३३

पाठ २ : योग तथा प्राणायामको महत्त्व ३५

पाठ ३ : योग अभ्यास ३६

**एकाइ ६ : विकास निर्माण र वातावरण**

पाठ १ : दिगो विकासको परिचय ३८

पाठ २ : दिगो विकासको महत्त्व ४०

पाठ ३ : विकास निर्माणले वातावरणमा पारेको प्रभाव ४२

**एकाइ ७ : सामाजिक संस्थाहरू र सरकारी कार्यलयहरु**

पाठ १ : बनेपा नगरपालिका भित्रका सामाजिक संस्थाहरू र सरकारी कार्यलयहरु ४७

# एकाइ - १

# स्थानीय सेवाहरू र वितरणको संयन्त्र

## पाठ १ स्थानीय सेवाको परिचय

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। ती तीन तह भनेको सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार हो।

स्थानीय तहबाट प्राप्त हुने सेवा तथा सुविधाहरूलाई स्थानीय सेवा भनिन्छ। नगरपालिका वा गाउँपालिकाले स्थानीय सरकारको रूपमा स्थानीय बासिन्दाहरूलाई विभिन्न प्रकारका सेवाहरू स्थानीय स्तरमै उपलब्ध गराउँछन्। स्थानीय तहभित्र गाउँपालिका, नगरपालिका (उपमहानगरपालिका र महानगरपालिका सहित) पर्दछन्। हाल नेपालमा ७५३ वटा स्थानीय तहबाट सेवा तथा सुविधा प्राप्त गर्न सकिन्छ। स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरू सम्मिलित नगर वा गाउँ कार्यपालिका र वडा कार्यालयहरू मार्फत् ती सेवा सुविधा सजिलो र छिटो छरितो तरिकाबाट जनताहरूले प्राप्त गरिरहेका छन्।

बनेपा नगरपालिकाले पनि सर्वसाधारणको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार रहेका सेवाहरू स्थानीय तहबाट वितरण गर्ने गर्दछ।

स्थानीय तहको सरकारले विकास निर्माणसम्बन्धी, व्यावसायिक सिप विकासमार्फत् आर्थिक उपार्जनमा सहयोग पुऱ्याउने र आवश्यक विभिन्न प्रकारका सिफारिसहरू प्रदान गर्ने लगायतका सेवाहरू हाम्रो घरदैलोमा नै उपलब्ध गराउँछ।

बनेपा नगरपालिका पनि एउटा स्थानीय तह हो। यहाँ १४ वटा वडाहरू रहेका छन्। प्रत्येक वडामा रहेका वडा कार्यालयहरू र नगर कार्यपालिकाको कार्यालयबाट नगरबासीहरूले विभिन्न प्रकारका सेवा तथा सुविधाहरू प्राप्त गरिरहेका छन्। बनेपा नगरपालिकाले उपलब्ध गराउने प्रमुख स्थानीय सेवाहरू यसप्रकार रहेका छन् :

- भौतिक विकास निर्माण, जस्तै : सडक, स्वास्थ्य चौकी भवन आदि,
- खानेपानीको व्यवस्था,
- फोहोरमैलाको व्यवस्थापन ,
- नगर प्रहरीको व्यवस्था,
- विपद् व्यवस्थापनको पूर्व तयारी र पीडितलाई सहयोग,
- शिक्षा र स्वास्थ्य विकासका कार्यक्रम सञ्चालन,
- लैङ्गिक समानता तथा समावेशीकरण, युवा तथा खेलकुद, बालबालिका तथा जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन,
- सामाजिक न्याय तथा मेलमिलापका लागि प्रत्यन गर्ने,
- नक्सा पास र नागरिकता बनाउन सिफारिस,
- जन्म, मृत्यु, बसाइँ सराइ, विवाह जस्ता महत्त्वपूर्ण घटनाहरूको पञ्जीकरण
- सामाजिक सुरक्षा भत्ता वितरण
- व्यवसाय दर्ता र कर सङ्कलन
- नाता प्रमाणित, स्थायी ठेगाना प्रमाणित जस्ता प्रमाणीकरण कार्यहरू
- खोप तथा नि:शुल्क औषधी वितरण
- कृषिको विकासमा सहयोग पुऱ्याउने कार्यक्रमहरू : बिउबिजन, मल तथा प्राविधिक सहयोग, पशुपालनका लागि सहयोग
- नि:शुल्क शिक्षा
- युवा लक्षित तालिम तथा उद्यम विकास कार्यक्रमहरू सञ्चालन र रोजगार सृजना
- खेलकुद विकास कार्यक्रमहरू सञ्चालन
- दलित तथा उत्पीडित उत्थान,
- सरकारी जमिन तथा सम्पत्ति संरक्षण
- पर्यटन, उद्योग वाणिज्य विकासका कार्यक्रमहरू
- आदि ।

## अभ्यास

**१. स्थानीय तहभित्र के के पर्दछन् ?**

**२. नगरपालिकाले उपलव्ध गराउन सेवाहरूको सूची बनाउनुहोस् ।**

**३. परियोजना कार्य :**

तपाईं बसोबास गर्ने वडाको कार्यालयमा जानुहोस् र जनप्रतिनिधिहरूलाई भेट गर्नुहोस् । त्यहाँबाट प्राप्त हुने स्थानीय सेवाहरूको सूची बनाउनुहोस् ।

# पाठ २ स्थानीय सेवा वितरणको संयन्त्र

संयन्त्रले सेवा वितरण गर्ने परिपाटीलाई जनाउँदछ । स्थानीय तहले सेवा वितरणको संयन्त्रलाई चुस्त दुरुस्त बनाउन विधि, प्रकृया र प्रविधिको उपयोग गर्दछ ।

नगरबासीका चाहना तथा आकाङ्क्षालाई योजना तथा कार्यक्रममार्फत् सम्बोधन गर्दै आन्तरिक कर सङ्कलन तथा बाह्य श्रोतबाट ती योजना तथा कार्यक्रमहरू सम्पन्न गर्ने गरिन्छ । यसरी विकास तथा अन्य सेवा प्रवाह गर्दा नगरले संस्थागत प्रबन्ध गर्नुका साथसाथै जनसहभागिता हुने गरी टोल र बस्तीका विभिन्न समिति, क्लब र घुम्ती सेवाबाट सेवा प्रवाह हुन्छ ।

टोलका टोल समिति वा उपभोक्ता समिति, गैससहरू, सेवा केन्द्रहरू, वडा कार्यालयहरू, स्वास्थ्य चौकी, विद्यालय, सामुदायिक संस्थाहरू, निजी संस्थाहरू, अन्य सरकारी तथा अर्ध सरकारी निकाय, सरकारी तथा अन्य समूह लगायतका सङ्घसंस्थाले स्थानीय तहको सेवा वितरणमा सहयोग पुऱ्याउँछन् ।

बनेपा नगरपालिका १४ वटा वडामा विभाजित छ । पालिकाको सेवा वितरणको मुख्य संयन्त्रको रूपमा यिनै वडा कार्यालयहरू रहेका हुन्छन् । वडा स्तरको सेवा वितरणमा सम्बन्धित वडाका वडा अध्यक्षलाई निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरूले सहयोग गर्दछन् ।

**नगरपालिकावाट वितरण हुने केही प्रमुख सेवाहरू र वितरणको संयन्त्रहरू :**

| सेवाहरू | वितरणको संयन्त्र |
|---|---|
| स्वास्थ्य सेवा | स्वास्थ्य चौकीहरू |
| सामाजिक सुरक्षा भत्ता वितरण | वडा कार्यालयहरूमार्फत् वैंकहरू |
| शिक्षा | विद्यालय, कलेज |
| जन्म, मृत्यु, बसाइँसराइ दर्ता | वडा कार्यालयहरू |
| विभिन्न प्रकारका सिफारिस प्रदान | वडा कार्यालयहरू |

| | |
|---|---|
| कृषि, पशुपालन सम्बन्धी सेवा | सेवा केन्द्रहरू |
| कर, दस्तुर सङ्कलन | वडा कार्यालयहरू |

आवश्यकताअनुसार वडा कार्यालयहरूको सिफारिससमेतको आधारमा नगरबाट सेवा वितरण गर्ने गरिन्छ । नगरको विकास निर्माण, सेवा प्रवाह, सुशासन तथा सम्वृद्धि र शान्ति सुरक्षा कायम गर्नमा नगरको जिम्मेवारी रहेको हुन्छ । सेवा प्रवाह गर्नमा राजनैतिक रूपमा नगर प्रमुख र दैनिक प्रसासन सञ्चालनमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्व रहेको हुन्छ । नीति, योजना, कानुन निर्माण गर्ने कार्य नगरसभाले र सो बमोजिमको कार्य सञ्चालन नगर कार्यपालिकाले गर्ने गर्दछ । सेवा प्रवाह तथा नीति निर्माणमा सहयोग पुऱ्याउनका लागि विभिन्न विषयगत समितिहरू निर्माण गरिएका छन्।

## अभ्यास

**१. वडा मार्फत् प्राप्त गर्न सकिने सेवाहरूको सूची बनाउनुहोस् ।**

**२. राजनैतिक नेतृत्व तथा प्रशासकीय नेतृत्वबिचको भिन्नता छुट्याउनुहोस् ।**

**परियोजना कार्य :**

१. स्थानीय सेवा वितरणको संयन्त्रलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्छ ? वडा अध्यक्षसँग छलफल गरी प्राप्त निष्कर्षलाई कक्षामा चर्चा गर्नुहोस् ।

२ प्राविधिक सेवाहरूको वितरणमा कस्तो जनशक्ति आवश्यक पर्दछ ? वडा सचिव वा नजिकको जनप्रतिनिधिसँग छलफल गरी पत्ता लगाउनुहोस् ।

# पाठ ३ स्थानीय सेवा वितरणको प्रकृया

आफ्ना नगरबासीहरूलाई सहज, छिटोछरितो सेवा सुविधा उपलव्ध गराउने क्रममा बनेपा नगरपालिकाको जवाफदेहिता सहितको संयन्त्रले काम गरेको छ । नगरबासीहरूको सन्तुष्टि र नगरको उन्नतिको दिसामा स्थानीय सेवा वितरणको संयन्त्र निर्देशित रहेको छ । स्थानीय सेवा सुविधा वितरणमा प्रभावकारिता वृद्धि गर्नका लागि सचेतना जगाउने र सम्बन्धित नगरबासीहरूलाई सजग बनाउँदै जनप्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धि लक्षित विभिन्न कार्यहरू पनि गर्ने गरेको पाइन्छ । पारदर्शी र जवाफदेही सेवा वितरणका लागि नगरपालिकाले आफ्नो वेबसाइट, सहित सूचनापाटी, गुनासो सुनुवाइको संयन्त्र आदिलाई प्रभावकारी रूपमा प्रयोगमा ल्याइरहेको छ । साथै नगरपालिकाको वडापत्र यसको एउटा अभिन्न अङ्गको रूपमा रहेको छ :

वनेपा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वागमती प्रदेश, नेपाल

# नागरिक वडापत्र

| क्र. सं. | प्रदान गरिने सेवा र कार्य विवरण | आवश्यक कागजातरप्रक्रिया | लाग्ने शुल्क/दस्तुर | कोठा नं. | लाग्ने समय | जिम्मेवार शाखा | अनुगमन गर्ने अधिकारी वा समिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | **न्यायिक समितिसँग सम्बन्धित कार्यहरू** | | | | | |
| १. | उजुरी तथा निवेदन दर्ता | ▪ रित पुरा गरी तयार गरेको निवेदन वा उजुरी<br>▪ प्रतिवादी जति जना छन त्यति प्रति निवेदकको प्रतिलिपि<br>▪ निवेदन दस्तुर रअन्य तोकिएको नक्कल दस्तुर समेत तिरेको रसिद वा निस्सा<br>▪ नागरिकताको प्रतिलिपि<br>▪ अन्य पेश गरेको प्रमाणको प्रतिलिपि | रु १००।- | ३०३ | कागजात र प्रक्रिया पुरा भएकोमा १ घण्टाभित्र | कानुन शाखा | न्यायिक समिति तथा उपप्रमुख | |
| २. | प्रतिवादी दर्ता | ▪ म्याद वा सूचनामा तोकिएको समयावधिभित्र लिखित प्रतिवादी दर्ता गर्ने<br>▪ राजस्व तिरेको रसिद<br>▪ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>▪ पेश गरेको प्रमाणको प्रतिलिपि | रु १००।- | ३०३ | कागजात र प्रक्रिया पुरा भएकोमा १ घण्टाभित्र | कानुन शाखा | " | |
| ३. | नक्कल निवेदन | ▪ प्रचलित कानुन बमोजिमको ढाँचामा निवेदन पेश गर्ने | प्रति पृष्ठ रु. ५। का दरले निवेदन दस्तुर रु १०। समेत<br>(नक्कल उतार गर्दा लागेको खर्च निवेदक आफैले व्यहोर्नुपर्ने) | ३०३ | निवेदन दिनको ११ बजेभित्र पेश भएमा सोहि दिन र सो भन्दा पछाडि भएमा सम्भव भएसम्म सोही दिन नभए सोको भोलीपल्ट | " | " | |
| | | | **सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम सूचना अधिकारीले गर्ने काम** | | | | | |
| १. | सुचनाको माग र प्राप्त गर्ने (सूचनाको हक सम्बन्धी ऐन,२०६४) बमोजिम | ▪ नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने अन्य कुनै कागजात | ▪ १० पृष्ठसम्मको सूचनाको लागि कुनै शुल्क नलाग्ने<br>▪ सो भन्दा बढीको हकमा सामान्य आकारको कागजको प्रतिपृष्ठ रु ५, ठुलो आकारको प्रति पृष्ठ रु १०<br>▪ डिस्केट, सिडि, र अन्य विद्युतिय माध्यमद्वारा प्रदान गरिने सूचनामा प्रति डिस्केट रु ५०<br>▪ सूचना तयार गर्दा बढी खर्च लाग्ने भएमा लागतको आधारमा दस्तुर निर्धारण गरिने<br>▪ प्रचलित कानुनमा छुट्टै व्यावस्था भएकोमा सोही बमोजिम हुने। | १०२ | सूचनाको प्रकृति अनुसार तत्कालै र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भए १५ दिन भित्र | सूचना अधिकारी (ध्रुवराज नेपाल) | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रशासन शाखा** | | | | | | | | |
| १. | सम्पूर्ण प्रशासनिक क्रियाकलापहरू | ▪ प्रचलित कानुन बमोजिम | ▪ प्रचलित कानुन बमोजिम | १०४ | कामको प्रकृति अनुसार | प्रशासन/ जिन्सि उपशाखा | प्रमुख प्रशासकीय अधिकृत | प्रशासकीय अधिकृत १०२ नं. कोठा |
| २. | नगरपालिका सभा भवन भाडा | ▪ सम्बन्धित संस्था वा व्यक्तिको निवेदन(हल खाली भए मात्र उपलब्ध गराउने) | ▪ प्रति दिन रु. ३,०००/- | १०४ | तुरुन्तै | प्रशासन/ राजस्व शाखा | प्रमुख प्रशासकीय अधिकृत | |
| **योजना शाखा** | | | | | | | | |
| १. | योजना सम्झौता | ▪ सम्झौता फाराम (रोहबरमा सम्बन्धित वडा अध्यक्षको दस्तखत भएको)<br>▪ लागत इष्टिमेट<br>▪ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>▪ निवेदन<br>▪ जनप्रतिनिधिको रोहबर र वडा सचिवको उपस्थितिमा भएको भेलाबाट गठित उपभोक्ता समिति(कम्तिमा ३३प्रतिशत महिला भएको) र अनुगमन समिति गठन<br>▪ उपभोक्ता समितिबाट निर्णय गरि दिएको अख्तियारीनामा<br>▪ उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको फोटोकपी<br>▪ काम गर्ने ठाउँको पूर्व अवस्थाको फोटो<br>▪ उपभोक्ता समितिका सदस्यले भरेको स्वयं घोषणा फाराम | नि:शुल्क | योजना शाखा | पेश गरेको भोलीपल्ट | शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | पहिलो किस्ता पेश्की कारबाही | ▪ निवेदन<br>▪ उपभोक्ता समितिको किस्ता माग गरेको निर्णयको फोटोकपी<br>▪ उपभोक्ताले व्यहोर्ने नगद लागत सहभागिता बापतको रकम जम्मा गरेको बैंक भौचर | ,, | ,, | सोही दिन | ,, | ,, | |
| ३. | दोस्रो किस्ता कारवाही | ▪ खर्च भएको बिल<br>▪ उपभोक्ता समितिको निर्णय<br>▪ प्राविधिक मूल्याङ्कन<br>▪ बिल<br>▪ फोटो | नि:शुल्क | ,, | सात दिन | ,, | ,, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | अन्तिम भुक्तानी कारबाही | ■ बिल भरपाई<br>■ सम्पादित कार्य स्थलको फोटो<br>■ उपभोक्ताले खर्च अनुमोदन गरेको निर्णय<br>■ अनुगमन समितिले गरेको निर्णय<br>■ सार्वजनिक परीक्षणबाट खर्च अनुमोदन गरेको निर्णय<br>■ तोकिएको अनुसुची फाराम ३ र ६(रोहबरमा सम्बन्धित वडा अध्यक्षको दस्तखत)<br>■ काम सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिस<br>निवेदन<br>■ प्राविधिक मुल्याङकन /कार्य सम्पन्न प्रतिवेदन प्राविधिक बिल र नापी किताबको फोटोकपी | ,, | ,, | जाँच पास भएको भोलीपल्ट | ,, | ,, | |
| **प्राविधिकतथा नक्सा शाखा** | | | | | | | | |
| १. | (क) नक्सापास दर्ता तथा नक्सापास(अस्थायी प्रमाणपत्र सम्म)<br>(ख) तल्ला थप स्विकृतिको लागि<br>(ग) पर्खाल निर्माणको लागि | ■ तोकिएको ढाँचामा भवनको नक्सा(३।३ प्रति)<br>■ लालपुर्जा नक्कल<br>■ नापी नक्सा/ट्रेसको सक्कल<br>■ नक्सापास फाराम<br>■ जग्गाधनीको नागरिकता<br>■ चालु आ.व.को तिरो तिरेको रसिद<br>■ डिजाईनरको ईजाजतपत्रको प्रतिलिपि<br>■ नक्सापास फाराममा उल्लेख गरेको आवश्यक कागजात<br>■ तला थपको हकमा स्वीकृत भएको नक्सा र सोको प्रमाणपत्र | क्षेत्र वर्गीकरण अनुसार प्रति व.फि. रु ३ देखि १५ सम्म | सम्बन्धित वडा कार्यालयको प्राविधिक | ३५ दिन(सम्पूर्ण प्रक्रिया पुगेको हकमा मात्र) | वडा कार्यालय, प्राविधिक तथा नक्सा शाखा | ,, | |
| २. | स्थायी प्रमाणपत्रको लागि | ■ स्वीकृत भएको नक्सा र सोको अस्थायी प्रमाणपत्र | नि:शुल्क | ,, | ७ दिन (सम्पूर्ण प्रक्रिया पुगको हकमा मात्र | ,, | ,, | |
| ३. | निर्माण सम्पन्न प्रमाणपत्रको लागि | ■ स्वीकृत भएको नक्सा र सो को स्थायी प्रमाणपत्र<br>■ घरको ४ दिशाको फोटो<br>■ जग्गा धनिको फोटो ३ वटा | ■ अस्थायी स्विकृत भएको २ वर्ष भित्र भए निशुल्क<br>■ २ वर्ष नाघे रु ३००० <br>■ ४ वर्ष नाघे रु ५००० | प्राविधिक शाखा | ८ दिन (सम्पूर्ण प्रक्रिया पुगेका हकमा मात्र) | ,, | ,, | |
| ४. | नक्सा म्याद थप | ■ स्वीकृत नक्सा र प्रमाणपत्र | अस्थायी स्वीकृत मितिले २ वर्षको ३५ दिनभित्र भए पहिले तिरेको रकमको ५प्रतिशत र २ वर्ष नाघेको तर ४ वर्ष ननाघेको भए बाकीं निर्माण हुने भागको प्रचलित दस्तुरको १५०प्रतिशत | ,, | सवै प्रक्रिया पुरा गरेकोमा दर्ता मितिको भोलीपल्ट | ,, | ,, | |
| ५. | नक्सापास नामसारी | ■ स्वीकृत नक्सा र प्रमाणपत्र, नयाँ लालपुर्जा तथा राजीनामा र नयाँ जग्गा धनीको फोटो | रु २१० | ,, | कागजात पुरा भए सोही दिन | प्राविधिक तथा नक्सा शाखा | ,, | |
| ६. | नक्सापास प्रतिलिपि तथा नक्सापास प्रमाणपत्र प्रतिलिपि | ■ प्रतिलिपि स्वयं तयार गरेर ल्याउनुपर्ने | प्रमाणपत्रको प्रतिलिपि रु २०<br>नक्सापास प्रतिलिपि रु २५ | ,, | सोही दिन | ,, | ,, | |

| राजस्व शाखा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | बहाल कर | ▪ नागरिकताको प्रतिलिपि<br>▪ बहाल सम्झौताको कागज<br>▪ पुर्जाको प्रतिलिपि | बहाल रकमको १० प्रतिशत | १०६ | तुरुन्तै | राजस्व शाखा वा सम्बन्धित वडा कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | मालपोत/ सम्पत्ति कर | ▪ नागरिकताको प्रतिलिपि<br>▪ पुर्जाको प्रतिलिपि<br>▪ विवरण भरेको वडाबाट प्राप्त फाराम | नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम | १०६ | १५-२० मिनेट | राजस्व शाखा वा सम्बन्धित वडा कार्यालय | " | पौष मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट हुने |
| ३. | व्यावसाय दर्ता र नविकरण | ▪ कम्पनी तथा उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>▪ पुर्जाको प्रतिलिपि<br>▪ तिरो तिरेको बिल<br>▪ एब्लरब्ल् मा दर्ताको प्रमाणपत्र<br>▪ विवरण भरेको वडाबाट प्राप्त फाराम<br>▪ घर बहाल सम्झौता<br>▪ २ वटा पासपोर्ट साईजनको फोटो/संस्था वा कम्पनिको छाप | व्यावसायको प्रकृति तथा लगानीको आधारतथा आर्थिक ऐन अनुसार | १०६ | सोही दिन | राजस्व शाखा | " | अशोज मसान्त भित्र व्यवसाय करमा १० प्रतिशत छुट हुने |
| ४. | सहकारी दर्ता र नवीकरण | ▪ विभागमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि<br>▪ करचुक्ता प्रमाणपत्र<br>▪ एब्लरब्ल् मा दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>▪ बहाल सम्झौता<br>▪ २ वटा पासपोर्ट साईजनको फोटो/संस्था वा कम्पनिको छाप | शेयर पूँजीको आधारमा आर्थिक ऐन अनुसार | १०६ | सोही दिन | " | " | दर्ता सम्बन्धी अन्य कारबाही सहकारी ऐन र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ। |
| ५. | मनोरञ्जन कर | ▪ कम्पनी तथा उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>▪ पुर्जाको प्रतिलिपि<br>▪ तिरो तिरेको बिल<br>▪ एब्लरब्ल्मा दर्ताको प्रमाणपत्र<br>▪ विवरण भरेको वडाबाट प्राप्त फाराम<br>▪ घर बहाल सम्झौता<br>▪ २ वटा पासपोर्ट साईजको फोटो/संस्था वा कम्पनिको छाप | प्रदेश आर्थिक ऐनमा उल्लेख भए बमोजिम | १०६ | तुरुन्तै | " | " | |
| ६. | अन्य कर | ▪ प्रचलित कानुन बमोजिम | प्रचलित कानुन बमोजिम | १०६ | सोही दिन | " | " | |
| ७. | घ वर्गको नयाँ प्रमाण पत्र प्राप्त गर्ने, | ▪ फर्म दर्ताको प्रमाण पत्र<br>▪ कर चुक्ता प्रमाण पत्र<br>▪ अनुसूची १ बमोजिमको निवेदन<br>▪ अनुसुची ५ बमोजिमको कागज प्रमाण | रु ३०००।- | १०२ | जाँचबुझ समितिले सिफारिस गरी कार्यपालिकाबाट स्वीकृत हुनासाथ | राजस्व शाखा | प्र.प्र.अ. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | नवीकरण गर्ने | ▪ निवेदन<br>▪ अनुसुची ४ भरेको<br>▪ करचुक्ता प्रमाणपत्र<br>▪ नगरपालिकामा व्यावसाय दर्ता नविकरण<br>▪ घर बहाल कर भुक्तान गरेको निस्सा | सम्बन्धित आ.वको असोज मसान्त सम्म रु ३०००।-<br>आ.व. को चैत्र सम्म रु ६००० र व्यवसाय कर रु ५०००।- | १०२ | सोहि दिन | ,, | ,, | अशोज मसान्त भित्र व्यवसाय करमा १० प्रतिशत छुट हुने |
| **सहकारी सम्बन्धी अन्य व्यावस्था** | | | | | | | | |
| १. | विवरण बुझाउने (मासिक, चौमासिक र वार्षिक) | ▪ करचुक्ताको प्रमाण पत्र<br>▪ सभा तथा सञ्चालक समितिको निर्णय<br>▪ नगरपालिकामा व्यवसाय दर्ता र नविकरण गरेको निस्सा | नि:शुल्क | १०५ | सोही दिन | राजस्व शाखा | प्रमुख प्रशासकीय अधिकृत | |
| **आर्थिक प्रशासन शाखा** | | | | | | | | |
| १. | धरौटी फिर्ता | ▪ सक्कल नगदी रसिद<br>▪ धरौटी फिर्ताको निर्णय<br>▪ आयकर विवरण<br>▪ मूल्य अभिवृद्धि करको हिसाब समायोजन गरेको पत्र | नि:शुल्क | २०४ | प्रक्रिया पुगेपछि सोही दिन | लेखा शाखा | ,, | |
| २. | विज्ञापन तथा सूचनाको भुक्तानी | ▪ विज्ञापन छाप्ने आदेश पत्र<br>▪ विज्ञापन छापेको पुस्तक वा पत्रपत्रिका<br>▪ बिल र निवेदन पत्र | नि:शुल्क | २०४ | ,, | ,, | ,, | |
| ३. | अनुदान सहयोग | ▪ निर्णय प्रतिलिपि (बजेटमा रकम रहेको हुनुपर्ने) | नि:शुल्क | २०४ | ,, | ,, | ,, | |
| ४. | योजना तथा कार्यक्रम रकम निकासा | ▪ बजेट विनियोजन भएको हुनुपर्ने<br>▪ लागत अनुमान<br>▪ सम्झौता र कार्यादेश पत्र<br>▪ बजेट स्रोतबाट निकासा भएको हुनुपर्ने | नि:शुल्क | २०४ | ,, | ,, | ,, | |
| ५. | दोस्रो किस्ता निकासा | ▪ निवेदन पत्र<br>▪ कार्यादेशको प्रतिलिपि<br>▪ उपभोक्ता समितिको निर्णय<br>▪ बिल<br>▪ नापी किताव<br>▪ प्राविधिक बिल<br>▪ योजना वा कार्यक्रमको फोटो<br>▪ उपभोक्ता समितिबाट नियमानुसार कट्टी गरिसकेको रकम, बैंक दाखिला भौचर सक्कल | नि:शुल्क | २०४ | ,, | ,, | ,, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | अन्तिम किस्ता निकासा | ■ निबेदन पत्र<br>■ कार्यादेशको प्रतिलिपि<br>■ सम्झौताको प्रतिलिपि<br>■ उपभोक्ता समितिको निर्णय<br>■ बिल<br>■ नापी किताब<br>■ प्राबिधिक बिल<br>■ योजनाको फोटो<br>■ उपभोक्ता समितिबाट नियमानुसार कट्टी गरिसकेको रकम, बैंक दाखिला भौचर सक्कल<br>■ अनुगमन समितिको निर्णय<br>■ फरफारकको निर्णय<br>■ सामाजिक परीक्षण<br>■ कार्य सम्पन्न प्रतिवेदन<br>■ बजेट रकमको व्यावस्था<br>■ योजना सम्पन्नको प्रतिवेदन<br>■ सम्झौताकै समय सिमा भित्र | नि:शुल्क | २०४ | " | " | " | |
| **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा** | | | | | | | | |
| १ | **जेष्ठ नागरिक लक्षित कार्यहरू**<br>- जेष्ठ नागरिक परिचय पत्र वितरण<br>- जेष्ठ नागरिक अनुभव, सीपको हस्तान्तरण हुने कार्यहरू | ■ नागरिकताको प्रतिलिपि १ प्रति, पासपोर्ट साइजको फोटो २ प्रति, अन्य स्थानीय तहको भएमा बसाईसराईको प्रतिलिपि<br>■ वडाको सिफारिस | नि :शुल्क | १०३ | सोही दिन | महिला तथा जेष्ठ नागरकि शाखा | " | |
| २ | ■ अपाङ्गता भएका व्यक्तिहरू लक्षित कार्यहरू<br>■ अपाश्वता परिचय पत्र वितरण | ■ वडाको सिफारिस<br>■ अनुसूची १ को ढाँचामा सम्बन्धित व्यक्तिको निबेदन,<br>■ नागरिकता वा मतदाता परिचय पत्र,बाल बालिका भएमा जन्मदर्ता,<br>■ पासपोर्ट साइजको फोटो ४ प्रति, अन्य स्थानीय तहको भएमा बसाईसराईको प्रतिलिपि<br>■ अपाङ्गता देखिने पुरा फोटो | " | " | "<br>प्रत्येक महिनाको ४ गते बसेको निर्णयानुसार | " | " | |
| ३ | महिला लक्षित कार्यक्रमहरू संचालन | ■ सम्बन्धित कार्यक्रमको प्रस्तावना<br>■ वडाको सिफारिस<br>■ संघ संस्था भए संस्थाको विनियम | " | " | " | " | " | |
| ४ | बालबालिका लक्षित कार्यक्रम | ■ सम्बन्धित कार्यक्रमको प्रस्तावना<br>■ वडाको सिफारिस<br>■ संघसस्था भए संस्थाको विनियम | " | " | " | " | " | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सामुदायिक विकास शाखा** | | | | | | | | |
| १ | गैर सरकारी संस्था दर्ता तथा नविकरण सिफारिस | ▪ निवेदन,<br>▪ सम्बन्धित वडाको सिफारिस,<br>▪ विधान,<br>▪ निर्णय प्रतिलिपि<br>▪ सदस्यको नागरिकताको प्रतिलिपि<br>▪ दस्तुर तिरेको रसिद ।<br>▪ प्यान दर्ता, (नविकरणका हकमा)<br>▪ संस्था दर्ताको प्रमाण पत्र<br>▪ कर चुक्ता,लेखा परीक्षण प्रतिवेदन<br>▪ घर बहाल सम्झौता<br>▪ अघिल्लो आ.ब.को प्रगती प्रतिवेदन | दर्ता रु १,००० नविकरण रु.११० (अन्तराष्ट्रिय गैर सरकारी सस्थाको हकमा रु ५०००) | १०५ | कागजात पेश भएको, १ दिनमै | सामुदायिक विकास शाखा | " | |
| २. | गैसस सस्थाले संचालन गर्ने कार्यक्रमको अनुमतिं | ▪ निवेदन,सम्बन्धित वडाको सिफारिस, विधान, निर्णय प्रतिलिपि,दस्तुर तिरेको रसिद, प्यान दर्ता, संस्था दर्ताको प्रमाण पत्र,कर चुक्ता,लेखा परीक्षण, प्रस्तावना पत्र ।<br>▪ अघिल्लो आ.ब.को प्रगती प्रतिवेदन | रु १००० | १०५ | कागजात पेश भएको, १ दिनमै | सामुदायिक विकास शाखा | " | |
| **शिक्षा युवा तथा खेलकुद शाखा** | | | | | | | | |
| १. | शिक्षकको तलव भत्ता निकासा | ▪ माग फाराम<br>▪ हाजिरी विवरण<br>▪ ना.ल.कोष तथा सञ्चयकोष कट्टी भौचर र फाँटवारी | नि:शुल्क | २०९ | तुरुन्तै | शिक्षा युवा तथा खेलकुद शाखा | " | |
| २. | विद्यालय खोल्न तथा कक्षा थप अनुमति | ▪ बनेपा नगरपालिकाको विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि,२०७५ को परिच्छेद २ को दफा ४ र ५ बमोजिमको पुर्वाधार भएको<br>▪ अनुसुचि १ बमोजिमको निवेदन<br>▪ (शैक्षिक शत्र सुरु हुनुभन्दा ३ महिना अगाडि पेश गर्नुपर्ने) | - आधारभुत विद्यालय कक्षा थप : २५००<br>- माध्यमिक विद्यालय कक्षा थप: २५०० | २०९ | निर्णय भएको ३ दिन भित्र | " | " | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | विद्यालय स्थानान्तरण | • विव्यसको निर्णय प्रतिलिपि<br>• सम्बन्धित वडाहरूको सिफारिश(जाने तथा छोड्ने वडा दुवैको)<br>• आफ्नो भवन नभए तोकिएको समयका लागि घरभाडाको सम्झौता पत्र<br>• विद्यालयको अनुमति तथा स्वीकृति पत्र<br>• अनुगमन प्रतिवेदन | आधारभुत तहको : रु १०००।-<br>माध्यमिक तहको : रु १५००।- | ,, | नगर शिक्षा समितिबाट निर्णय भए पछि तुरुन्तै | शाअ, शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा शाखा प्रमुख | |
| ४. | विद्यालयको नाम परिर्वतन | • विव्यसको निर्णय प्रतिलिपि<br>• सम्बन्धित वडाको सिफारिश<br>• सहयोग वा योगदानको पत्र वा भौचर<br>• विद्यालयको अनुमति तथा स्वीकृति पत्र<br>• अनुगमन प्रतिवेदन | रु २५००।- | ,, | नगर शिक्षा समितिबाट निर्णय भए पछि तुरुन्तै | शाअ, शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा शाखा प्रमुख | |
| ५. | विद्यालयमा विषय थप | • विव्यसको निर्णय प्रतिलिपि<br>• सम्बन्धित वडाको सिफारिश<br>• ऐच्छिक विषयमा विद्यार्थी संख्या तथा शिक्षकको विवरण<br>• विद्यालयको अनुमति तथा स्वीकृति पत्र<br>• भौतिक,शैक्षिकको अनुगमन प्रतिवेदन | रु १०००।- | ,, | नगर शिक्षा समिति तथा नगर कार्यपालिकाको निर्णय भए पछि तुरुन्तै | शाअ, शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा शाखा प्रमुख | |
| ६. | परीक्षा प्रमाणपत्र प्रतिलिपि | ▪ व्यक्तिको निवदेन<br>▪ विद्यालयको सिफारिश पत्र<br>▪ पुरानो मार्कसीट तथा लेजरको प्रतिलिपि<br>▪ दस्तुर तिरेको भौचर | रु.१००।- | ,, | निवेदन दिएकै दिन | शाअ, शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा शाखा प्रमुख | |
| ७ | पाठ्यपुस्तक छात्रवृत्ति लगायत कार्यक्रमको निकासा | ▪ व्यक्तिको निवदेन<br>▪ विद्यालयको सिफारिश पत्र<br>▪ पुरानो मार्कसीट तथा लेजरको प्रतिलिपि<br>▪ प्रमाण पत्र सच्याउने प्रमाण<br>▪ दस्तुर तिरेको भौचर | नि:शुल्क | २०९ | निवेदन पेश भएकै दिन | शाअ, शिक्षा, युवा तथा खेलकुद | शिक्षा शाखा प्रमुख | |
| ८ | परीक्षा व्यावस्थापन सञ्चालन | ▪ शिक्षकको निवेदन<br>▪ विव्यसहरूको सिफारिश पत्र<br>▪ नियुक्ति पत्रको प्रतिलिपि | परीक्षा समितिले तोके बमोजिम कक्षा ८ को परीक्षा शुल्क | २०९ | निवेदन पेश भएकै दिन | शाअ, शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा शाखा प्रमुख | |
| ९. | छात्रवृत्ति सिफारिस | ▪ निवेदन<br>▪ सम्बन्धित वडाको सिफारिस<br>▪ शैक्षिक योग्यताको प्रमाणपत्र | नि:शुल्क | २०९ | तुरुन्तै | ” | ” | |
| **स्वास्थ्य शाखा** | | | | | | | | |
| १. | विपन्न उपचार सेवा सिफारिस | ▪ निवेदन<br>▪ निवेदकको नागरिकताको प्रतिलिपि<br>▪ अनुसूची २<br>▪ सूचिकृत अस्पतालको सिफारिस<br>▪ बिरामीको नागरिकताको प्रतिलिपि, वडाको सिफारिस, रोग निदानको प्रेसकृप्सन र ल्याब रिर्पोट | नि:शुल्क | स्वास्थ्य शाखा | सोही दिन | स्वास्थ्य शाखा | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | स्वास्थ्य संस्था दर्ता तथा नविकरण | ▪ स्वास्थ्य सस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धीनिर्देशिका, २०७० | - अस्पताल तथा नर्सिङ होम प्रति शैया रु.४०००।-  नवीकरण प्रति शैया रु ५००।-<br>- डायग्नोस्टिक सेन्टर प्रति सेवा रु १०,०००।-  नवीकरण प्रति सेवा रु १०००।-<br>- पोलिक्लिनिक तथा क्लिनिक प्रति सेवा रु १०,०००।- नवीकरण प्रति सेवारु.१०००।-<br>- आयुर्वेद अस्पतालको र वैकल्पिक चिकित्सा प्रति शैया रु २००० नविकरण प्रति शैया रु ५००।-<br>- आर्युवेद क्लिनिक प्रति सेवा रु ५०००।- नविकरण प्रति सेवा रु ५००।- | ,, | स्वास्थ्य सस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धीनिर्देशिका, २०७० बमोजिम प्रक्रिया पुगेपछि । | ,, | ,, | |
| **पशुपन्छी सेवा शाखा** | | | | | | | | |
| १. | पशुपन्छी उपचार | ▪ बिरामी पशुपन्छीको लागि नाम दर्ता गराउने | नि:शुल्क | संचालित उपचार केन्द्र | सोही दिन | पशु सेवा शाखा | ,, | |
| २. | प्रयोगशाला सेवा गोबर, दुध परीक्षण | ▪ ताजा गोबर १ चम्चा, दुध २० एजिँचको लागि ल्याउने | ,, | ,, | सोही दिन | ,, | ,, | |
| ३. | शव परीक्षण सेवा (कुखुरा मात्र) | ▪ शव ल्याउने | ,, | ,, | सोही दिन | ,, | ,, | |
| ४. | रोग नियन्त्रण तथा खोप सेवा | ▪ सरुवा रोग देखा पर्ना साथ उपचार केन्द्रमा सम्पर्क राखी खोप सञ्चालनमा सहयोग गर्ने | निशुल्क | ,, | अवस्था र पशुको संख्याको आधारमा | ,, | प्रमुख प्रशासकीय अधिकृत | |
| ५. | कृत्रिम गर्भाधान सेवा | ▪ गाई भैसी ल्याई नाम दर्ता गराउने | सञ्चालित उपचार केन्द्रमा रु. ३०।- | ,, | बाली खोजेको समय अनुसार | ,, | ,, | |
| ६. | अनुदान | ▪ माग भएको कागजात पेश गर्ने | नि:शुल्क | पशुपन्छी सेवा शाखा | तोकिएको समय भित्र | ,,, | ,, | |
| ७. | पशुपन्छी पालन तथा अन्य प्राविधिक परामर्श बारे जानकारी | ▪ सिधा सम्पर्क गर्ने | नि:शुल्क | ,, | कामको प्रकृति हेरी तुरुन्तै | ,, | ,, | |
| **कृषि शाखा** | | | | | | | | |
| १. | रासायनिक मल दर्ता सिफारिस | ▪ सहकारीको निर्णयको प्रतिलिपि<br>▪ वडाको सिफारिस<br>▪ प्यान दर्ताको प्रमाणपत्र<br>▪ करचुक्ताको प्रतिलिपि | शुरु दर्ता गर्दा रु ५० र तीन महिना म्याद नाघि आएमा नविकरण शुल्क रु ५०० | कृषि शाखा | १ हप्ता | कृषि शाखा | ,, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | कृषक समूह दर्ता | ▪ समूहको निर्णय प्रतिलिपि<br>▪ वडाको सिफारिस<br>▪ नागरिकताको प्रतिलिपि<br>▪ आवश्यक जानकारीहरू भरेको विधानको २ प्रति प्रतिलिपि<br>▪ २ प्रति पासपोर्ट साईजको फोटो वा छाप | ३००।- | ,, | २-३ दिन | ,, | ,, | |
| ३. | प्राविधिक परामर्श | ▪ जानकारी प्राप्त हुनासाथ तुरुन्तै | नि:शुल्क | ,, | तुरुन्तै | ,, | ,, | |
| ४. | औजार उपकरण अनुदान | ▪ निवेदन र वडाको सिफारिस | अनुदान र स्वयं | ,, | वितरण गर्ने निर्णय भएको तुरुन्तै | ,, | ,, | |
| ५. | मूल बिउ वितरण : धान, गहु, मकै | ▪ वडाको सिफारिस र नागरिकताको प्रतिलिपि | अनुदान र स्वयं | ,, | मौसम अनुसार | ,, | ,, | सो आ.व. मा वितरणको कार्यक्रम रहेको भए मात्र । |
| ६ | हिउँदे तथा वर्षे फलफूलका बिरुवा वितरण | ▪ वडाको सिफारिस<br>▪ ना.प्र. प्रतिलिपि<br>▪ प्यान दर्ता भए सो को प्रतिलिपि | ५० प्रतिशत | ,, | नगरपालिकाको निर्णय भए पछि तुरुन्तै | ,, | ,, | |
| ७ | कृषिचून अनुदानमा वितरण | ▪ वडाको सिफारिस<br>▪ ना.प्र. प्रतिलिपि<br>▪ प्यान दर्ता भए सो को प्रतिलिपि | ५० प्रतिशत | ,, | नगरपालिकाको निर्णय भए पछि तुरुन्तै | ,, | ,, | |
| ८ | सहकारी तथा साना सिंचाइ कार्यक्रम | ▪ उपभोक्ता समिति गठन गरी निवेदन र वडाको सिफारिस<br>▪ पत्र सहित माग गर्नु पर्ने | चौमासिक कार्यक्रम अनुसार | ,, | नगरपालिकाको निर्णय भए पछि तुरुन्तै | ,, | ,, | |
| **सामाजिक सुरक्षा** | | | | | | | | |
| | ▪ नगरपालिकाको पञ्जीकाधिकारी तथा वडा कार्यालयका स्थानीय पञ्जीकाधिकारी बीच पुलको रुपमा रही घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्ने । | सामाजिक सुरक्षा ऐन- २०७५, सामाजिक सुरक्षा नियमावली-२०७६ तथा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन,२०७६ तथा नेपाल सरकारबाट समय समयमा हुने निर्देशन तथा निर्णयहरू बमोजिम । | नि:शुल्क | १०४ | तत्काल सोही दिन | सामाजिक सुरक्षा शाखा | प्रमुख प्रशासकीय अधिकृत | |

**द्रष्टव्य:** यस नगरपालिकाबाट प्रदान गरिने कुनै पनि किसिमको सेवा प्रवाहको क्रममा सेवाग्राहीले भोग्नु परेका समस्या वा गुनासोको समाधानका लागि यस बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूसँग सर्म्पक गर्नुहुन अनुरोध छ ।

**पुनश्च:**

गुनासो सुन्ने अधिकारी:- नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत ।

- कुनै पनि निवेदन पेश गर्दा आवश्यक सबै व्यहोरा खुलेको हुनु पर्नेछ ।
- प्रमाणका लागि पेश गर्ने कागजातको सक्कलै चाहिनेमा बाहेक फोटोकपीको रुपमा पेश गर्नु पर्ने र कार्यालयले आवश्यक ठानेमा रुजुको लागि सक्कल समेत उपलब्ध गराउनु पर्नेछ ।
- नगरपालिकाबाट कुनै पनिसेवासुविधा प्राप्त गर्न सेवाग्राहीले नगरपालिकामा कर दस्तुर बुझाएको रसिद हुनुपर्नेछ ।
- अनियमित कार्य गरेका कारण नगरपालिकाले प्रदान गर्ने सेवा रोक्का रहेको व्यक्तिले नगरपालिकाबाट प्राप्त गर्ने सेवा सुविधा प्राप्त गर्न सक्ने छैन ।
- कार्यालयमा उजुरी दर्ता भई तारेखमा रहेको वा नगरपालिकाबाट निर्णय हुनुपर्ने गरी तोक आदेश भएका निवेदन वा उजुरी बाहेक दर्ता भएको मितिले १५ दिनभित्र कारबाही नभए वा सरोकारवाला व्यक्ति कारबाहीका लागि सम्पर्कमा नआएमा त्यस्तो निवेदन ३५ दिन भित्र स्वत: निस्कृय हुनेछ ।
- प्रधानमन्त्री रोजगार तथा श्रम स्वीकृतिसँग सम्बन्धित विषयमा रोजगार संयोजक (प्राविधिक शाखामा) सँग सम्पर्क राख्नु पर्नेछ ।
- स्वास्थ्य शाखा, पशु सेवा शाखा र लघु उद्यम सहजकर्ताको कार्यकक्ष बनेपा बसपार्क स्थित टर्मिनल भवनमा रहेका छन् । कृषि शाखा उग्रतीर्थ घाट जाने बाटो (बनेपा ७) मा रहेको छ ।
- यस नगरपालिकासँग सम्बन्धित कुनै पनि विषयमा जानकारी लिन आवश्यक भएमा नगरपालिकाको कार्यालयमा आई वा फोन नं.०११-६६२०८१,०११(६६१४०७ र ०११( ६६१२८१ मा सम्पर्क गर्न सकिनेछ । नगरपालिकाको इमेल banepamun@gmail.com र वेभसाइट www.banepamun.gov.np रहेको छ ।

## अभ्यास

१. स्थानीय सेवा वितरणलाई प्रभावकारी वनाउन नगरपालिकाले अवलम्बन गरेका उपायहरूको सूची बनाउनुहोस् ।

**परियोजना कार्य :**

आफू अध्ययनरत विद्यालयको वडापत्र अध्ययन गर्नुहोस् र सो को उपयोगको बारेमा एक लेख तयार गर्नुहोस् ।

# एकाइ - २

# स्थानीय प्राकृतिक श्रोत परिचालन र व्यवस्थापन

## पाठ १ प्राकृतिक श्रोतको परिचय र महत्व

प्राकृतिक श्रोतहरू प्रकृतिमा रहेका हुन्छन् । तिनीहरू प्रकृतिबाट नै सिर्जित वा निर्माण भएका हुन्छन् । पृथ्वीमा रहेका सूर्यको किरण, खोलानाला, हिमाल, पहाड, जमिन, जङ्गल, झरना, वातावरण, पानी, जमिन, वनस्पतिहरू, जीवजन्तुहरू आदि सबै प्राकृतिक श्रोत हुन् । यसर्थ हामीले पिउने पानी, फेर्ने हावा, हाम्रो बासस्थान सबै यिनै प्राकृतिक श्रोतहरू हुन् ।

प्राकृतिक स्रोतहरू प्रकृतिको उपहार हुन् । तिनीहरूको निर्माण वा सिर्जनामा मानव श्रम र लगानी परेको हुँदैन । यस्ता सम्पदाहरू मानव निर्मित हुँदैनन् । यिनै प्राकृतिक स्रोतहरूको प्रयोगबाट मानिसले विभिन्न प्रकारका मानव निर्मित सामग्रीहरू को निर्माण गरी प्रयोगमा ल्याउन सक्छन् ।

कुनै निश्चित स्थानीय क्षेत्रभित्र पाइने प्राकृतिक सम्पदाहरूलाई स्थानीय प्राकृतिक सम्पदा भनेर व्याख्या गर्न सकिन्छ । अन्य स्थानहरू जस्तै बनेपा नगरपालिकामा पनि विभिन्न किसिमका प्राकृतिक श्रोतहरू छन् । यहाँ रहेका खोलाहरू, वनक्षेत्र, पोखरी आदि यहाँका प्रमुख प्राकृतिक श्रोत हुन् ।

बनेपा प्राकृतिक स्रोतले भरिपूर्ण रहेको छ । मानव जीवन र अन्य जीवजन्तुका लागि यी प्राकृतिक स्रोतहरूको महत्त्व छ ।

क) बनेपा नगरपालिकाका प्रमुख खोलाहरू : पुण्यवती खोला, चण्डेश्वरी खोला, शशीपानी, विकटेश्वर खोला, वाँसडोल खोला, धनेश्वर वैकिवा खोल्सा ।

खानेपानीको श्रोतको रूपमा रहेका यी खोलाहरूले सिँचाइ र सरसफाइको लागि पनि सहयोग पुऱ्याएका छन् । मत्स्यपालन, पर्यटकीय महत्त्व र मनोरञ्जनका लागि समेत यसको उपयोग गर्ने सम्भाव्यता देखिन्छ ।

ख) बनेपा नगरपालिकाका प्रमुख पोखरी तथा कुण्डहरू : माछापोखरी, नागपोखरी, गोसाइँथानको कुण्ड ।

सिँचाइ र सरसफाइको लागि विशेष प्रयोगमा रहेका यी श्रोतहरूको धार्मिक र सामाजिक महत्त्व रहेको पनि देख्न सकिन्छ । यी श्रोतहरूको मत्स्यपालन, पर्यटकीय महत्त्व र मनोरञ्जनका लागि समेत उपयोग गर्ने सम्भाव्यता देखिन्छ ।

ग) बनेपा नगरपालिकाका प्रमुख वनक्षेत्रहरू : चण्डेश्वरी वन, नाला वन, धनेश्वरी मयलटार वन, महादेवपोखरी वन ।

बनेपा नगरपालिकालाई बसोबास योग्य र सुन्दर वनाउने यी वनक्षेत्रहरूबाट काठपात, घाँस, दाउरा लगायतका विभिन्न प्रकारका पैदावारहरू प्राप्त गर्न सकिन्छ । वन पैदावारहरूको उपयोगबाट घरायसी आवश्यकता पूरा गर्ने र तिनीहरूको उपयोगबाट आर्थिक महत्त्वका कार्यहरू गर्न सकिन्छ । जस्तै : निगालो र बाँसबाट डोको वनाउने । यिनीहरूबाट उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ प्राप्त गर्न सकिन्छ । स्वच्छ हावा र खानेपानीका लागि यिनै श्रोतहरू महत्त्वपूर्ण हुन्छन् ।

## अभ्यास

**१. प्राकृतिक श्रोतलाई परिभाषित गर्नुहोस् ।**

**२. प्राकृतिक श्रोतको महत्त्वहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।**

**३. बनेपा नगरपालिका क्षेत्रमा रहेका प्रमुख प्राकृतिक श्रोतहरूको सूची बनाउनुहोस् ।**

**परियोजना कार्य :**

१. तपाईंको वरपरको प्राकृतिक स्रोत साधनको सूची तयार पार्नुहोस् र तिनीहरूको वर्तमान अवस्थाको बारेमा छोटो लेख लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. स्थानीय रूपमा उपलब्ध प्राकृतिक श्रोतहरूमध्ये कुनै एउटाको वर्तमान अवस्थाको बारेमा एक छोटो लेख लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ प्राकृतिक श्रोतको संरक्षण

प्रकृतिबाट हामीले विभिन्न प्रकारका श्रोत साधनहरूको उपभोग गर्न पाइरहेका हुन्छौँ । यसरी उपभोग गर्ने क्रममा तिनीहरूको संरक्षण र सम्बर्धन पनि ध्यान दिनुपर्छ । त्यसबाट लिन सकिने सम्पूर्ण खालका फाइदाहरू पनि लिने र उनीहरूको संरक्षण र सम्बर्धन गर्ने पनि कार्य गर्नुपर्छ ।

प्राकृतिक श्रोतको व्यवस्थापनमा विद्यालय र समुदायस्तरमा समेत कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् । विद्यालयमा प्राकृतिक श्रोतको संरक्षणका सन्दर्भमा पाठ्यपुस्तकमा अध्ययन गर्ने, करेसाबारी र फूलबारीको निर्माण र संरक्षणमार्फत् सानै उमेरदेखि वनस्पति संरक्षणप्रति बालबालिकालाई सजग बनाइन्छ । घर र समुदायमा करेसाबारी र खेतीपातीका लागि स साना बुट्यानहरूको संरक्षण गर्ने कार्य गरिन्छ । त्यस्तै पानीको श्रोतहरूलाई ढुङ्गेधारा, पोखरी र अन्य जलाशयहरूमार्फत् संरक्षण गर्ने गरिन्छ ।

बनेपा नगरपालिकालाई यहाँका श्रोत साधनले सुन्दर बनाएको छ । यी स्रोत र साधनको सदुपयोग गर्न सकेमा यस क्षेत्रलाई अझ सुन्दर र आत्मनिर्भर बनाउन सकिन्छ । बनेपा नगरपालिका नेपालको सङ्घीय राजधानी र पूर्वी जिल्लाहरू जोड्ने एउटा सेतुको रूपमा पनि रहेको हुँदा यस क्षेत्रमा प्राकृतिक स्रोत र साधनको सदुपयोग गर्दै विभिन्न खालका उद्योग व्यवसायहरू सञ्चालन गरी समुन्नत बनाउन सकिन्छ ।

बनेपा नगरक्षेत्रमा भएका मुख्य प्राकृतिक स्रोतहरू खोलानाला, वन र अन्य वनपैदावरहरूको संरक्षण र सम्बर्धन गर्नका लागि विभिन्न प्रकारका कार्यक्रमहरू लागु गरिएको छ । खोलाहरू र परम्परागत ढुङ्गेधाराबाट खानेपानी, सिँचाइ र सरसफाइको लागि सहयोग पुगेको छ । यी श्रोतहरू र पोखरी तथा कुण्डहरूको संरक्षण गर्नका लागि पुर्ननिर्माणका विभिन्न योजनाहरू सञ्चालन भैरहेका छन् । वनको कडा निगरानी र वन पालेको व्यवस्था गरिएको छ । त्यस्तै वन पैदावारहरूको सट्टामा एल पी जी ग्याँस, बायोग्याँस लगायतका वैकल्पिक साधनको प्रयोग गर्नमा वढी जोड दिइएको पाइन्छ । वनको संरक्षण सम्बर्धन गर्नुपर्दछ भन्ने विषयमा सचेतना बढाउने खालका विभिन्न प्रकारका कार्यक्रमहरू पनि लागु

भएका छन् । समग्रमा भन्नुपर्दा नगरपालिकाले विभिन्न सरोकारवालाहरू र अन्य सरकारी निकाय र सङ्घसंस्थाहरूसँग समन्वय गरी प्राकृतिक स्रोतहरू तथा वातारण संरक्षण गर्ने, ती स्रोत र साधनको परिचालन र व्यवस्थापन गरिरहेको छ ।

## अभ्यास

**१. प्राकृतिक स्रोतको परिचालन भन्नाले के वुझ्नुहुन्छ ?**

**२. प्राकृतिक स्रोतको परिचालनवाट के कस्ता फाइदा पाउन सकिन्छ, कुनै ५ वटाको सूची बनाउनुहोस् ।**

**परियोजना कार्य :**

कक्षाका साथीहरूसँग छलफल गरी बनेपा नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरूमध्ये कुनै एकको परिचालनबाट प्राप्त गर्न सकिने फाइदाहरूको सूची वनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ - ३

# जातजाति र प्रचलन

## पाठ १ वडागत जातजातिको परिचय

बनेपा नगरपालिकामा जम्मा १४ वटा वडाहरू रहेका छन् । ती वडाहरूमा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । जनगणना, २०७८ अनुसार बनेपामा पुरूष ३३,१७२ जना र महिला ३४,५१८ जना गरी जम्मा ६७,६९० जनाको बसोवास रहेको छ । समग्रमा बनेपा नगरपालिकामा नेवार, ब्राह्मण, क्षेत्री, तामाङ र अन्य जातजातिका मानिसहरू बसोबास गर्दछन् ।

**वडागत रूपमा बसोबास गर्ने मुख्य वासिन्दाहरूको विवरण :**

| वडा नम्बर | मुख्य वासिन्दाहरू |
|---|---|
| १ | लामिछाने, पाण्डे, थापा, खत्री र दलित |
| २ | घिमिरे, दाहाल र गिरी |
| ३ | दाहाल, बजगाईं, तामाङ, नेवार, गुरूङ, न्यौपाने |
| ४ | नेवार, बजगाईं र दलित जाति |
| ५ | नेवार, वाहुन, क्षेत्री र अन्य दलित जाति |
| ६ | नेवार, केसी, तिमल्सिना, दाहाल |
| ७ | नेवार जातिका शाक्य, श्रेष्ठ |
| ८ | नेवार, मगर र तामाङ |
| ९ | नेवार, ब्राह्मण, क्षेत्री, लामा, मगर, गुरूङ र ठकुरी जातका |
| १० | थापा, बिष्ट, नेवार र दलित |

| | |
|---|---|
| ११ | ब्राह्मण, क्षेत्री, तामाङ |
| १२ | ब्राह्मण, क्षेत्री, तामाङ |
| १३ | ब्राह्मण, क्षेत्री, नेवार र दलित |
| १४ | ब्राह्मण, क्षेत्री र तामाङ |

Source: CBS, 2078 BS

## अभ्यास

**१ बनेपा नगरपालिकामा बसोबास गर्ने जातिहरूमध्ये कुनै पाँच वटाको सूची तयार पार्नुहोस् ।**

**२ तपाईं बसोबास गर्ने वडामा बसोबास गर्ने जातिहरूको सूची तयार गर्नुहोस् ।**

### परियोजना कार्य :

तपाईं बसोबास गर्ने टोल र तपाईंको साथी बसोबास गर्ने टोलको बसोबास गर्ने मुख्य जातिहरूको अवस्थाको बारेमा तुलनात्मक अध्ययन गर्नुहोस् र प्राप्त निष्कर्षलाई लेखको रूपमा तयार पारी विषय शिक्षकलाई देखाउनुहोस् ।

# पाठ २ जातिगत रीतिरिवाज र प्रचलन

बानेपा नगरपालिकाको वडा नं १ देखि १४ सम्ममा बसोबास गर्ने प्रमुख जातजातिहरू ब्राह्मण, क्षेत्री, नेवार, तामाङ र दलितहरू भएको देख्न सकिन्छ । स्थानीयहरूको रीतिरिवाज र परम्परामा धेरै समानता पनि पाइन्छ । विशेष ागरी ब्राह्मण र छेत्रीहरूको जन्मसम्बन्धी संस्कार, नामाकरण, विवाह, मृत्यु र अन्य सम्पूर्ण कर्म गर्ने संस्कारहरू लगभग एकै प्रकारको रहेको देखिन्छ । नेवार समुदायको रीतिरिवाज र परम्परा ब्राह्मण र छेत्रीहरूको भन्दा भिन्न र मौलिक प्रकारका रहेका छन् । उनीहरूको सम्प्रदायअनुसारका संस्कारहरू रहेका छन् । त्यस्तै तामाङहरूको पनि आफ्नै मौलिक प्रकारको रीतिरिवाज रहेको देख्न सकिन्छ ।

वनेपा नगरपालिका भित्र विशेष गरी हिन्दू र बौद्ध धर्म मान्ने मानिसहरूको प्रधानता रहेको छ । यहाँका केही बासिन्दाहरू क्रिश्चियन धर्मको अनुसरण गर्दछन् । जातिगत मात्र नभएर धर्मको आधारमा पनि उनीहरूको चालचलन, रीतिरिवाज र परम्पराहरू भिन्न भिन्न रहेको सजिलै थाहा पाउन सकिन्छ । मानिसहरूको रीतिरिवाज, चालचलन र अन्य परम्पराहरूलाई उनीहरूको जातिगत अवस्था, उनीहरूले मान्ने धर्म र समुदायले प्रभाव पारेको देखिन्छ । विभिन्न जाति र धर्मावलम्बीहरूको बसोबास भए तापनि एकले अर्काको धर्म र जातिको परम्परालाई सम्मान गर्ने र आफ्नो धर्म र परम्परालाई अनुशरण गर्ने गरेकाले यस नगरपालिकामा सांस्कृतिक सहिष्णुता र मेलमिलाप देख्न सकिन्छ ।

आफ्नो धर्म र र अन्य धर्मलाई समेत सम्मान गर्ने परिपाटी रहेको हुनाले यस क्षेत्रमा आपसी सद्भाव देख्न सकिन्छ । यस्तै जातिगत रूपमा विभिन्न चाडपर्वहरू मनाउने मानिसहरूले एकअर्काको चाडपर्वलाई पनि उति नै सम्मानपूर्वक हेर्ने गरेको पाइन्छ । पछिल्लो समयमा योमरी पुन्ही, क्वाँटी पुन्ही जस्ता चाडपर्वहरूलाई जाति विशेषमा सीमित नराखी अन्य जातिहरूले पनि चासो र सद्भावका साथ हेर्नुका साथै ती चाडपर्वहरूलाई साझा सम्पत्तिको रूपमा विकास गर्दै लगेको पनि देख्न सकिन्छ ।

## अभ्यास

१. बनेपा नगरपालिकाको जातिगत रीतिरिवाजको बारेमा छोटकरीमा लेख्नुहोस् ।

२. जातिगत रीतिरिवाज र धर्मको बीचमा के कस्तो सम्बन्ध रहेको छ ?

३. बनेपा नगरपालिकामा बसोबास गर्ने मानिसहरूबिच धार्मिक सहिष्णुता र सद्भाव रहनुका कारणहरू लेख्नुहोस् ।

**परियोजना कार्य :**

आफ्नो बाबु आमालाई सोधी जन्म, मृत्यु र विवाह सम्बन्धी आफ्नो जातिगत संस्कारहरूको बारेमा एउटा लेख लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ जातिगत चाडपर्वहरू

नगरमा बसोबास गर्ने विभिन्न जातजातिको बारेमा अघिल्लो पाठहरूमा चर्चा गरिसकेका छौँ । यसरी नगरपालिकाभित्र बसोबास गर्ने अधिकांश बासिन्दाहरू हिन्दु धर्म मान्ने गर्दछन् । हिन्दु धर्मका अनुयायीहरूले दसैँ, तिहार, चैते दसैँ, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनैपूर्णिमा जस्ता चाडपर्वहरू मनाउने गरेको पाइन्छ । त्यस्तै बनेपा नगरपालिकाको पुरानो बजार क्षेत्रमा नेवार समुदायको वाहुल्यता रहेको हुँदा वैसाख पूर्णिमामा चण्डेश्वरी जात्रालाई मूल स्थानीय जात्राको रूपमा विशेष हर्षोल्लासको साथमा मनाउने परम्परा रहेको छ । त्यस्तै वैशाख अक्षय तृतीयाको दिनमा नालामा भगवतीको जात्रा लाग्ने गर्दछ । कृष्ण अष्टमीको दिनमा कन्यापूजा पनि मनाउँछन् । बनेपा नगरपालिकामा मनाइने कन्यापूजा नेपालकै एउटा नमुना कन्या पूजाको रूपमा रहेको छ । जनैपूर्णिमाको दिनमा बनेपा वडा नं ६ मा गोसाइँकुण्ड र वडा नं १४ को आशापुरेश्वर महादेव मन्दिर क्षेत्रमा मेला लाग्दछ । त्यस्तै नयाँ वर्षको दिनमा साँगामा विष्केट जात्रा पनि मनाइन्छ ।

बनेपा नगरभित्र विभिन्न देवीदेवताका मन्दिरहरू, बौद्धविहारहरू प्रशस्त मात्रामा रहेका छन् । यस ऐतिहासिक र सांस्कृतिक नगरी बनेपा नगरपालिकाका विभिन्न देवीदेवताको मन्दिरमा बार अनुसार विशेष पूजाआजा हुने गर्दछ । जस्तै शनिबारको दिनमा देवीको मन्दिर र मंगलवारको दिनमा गणेस मन्दिरमा भक्तजनले विशेष पूजाआजा गर्दछन् । हिन्दु धर्म मान्ने महिलाहरूले हरितालिका तीजलाई, नेवारी समुदायको बाहुल्यता भएको क्षेत्रमा गाईजात्रा र तामाङ समुदायका मानिसहरूले ल्होसार पर्वलाई विशेष महत्त्वका साथ मनाउने गर्दछन् ।

त्यस्तै यस नगरपालिकाभित्र बौद्ध धर्म मान्ने मानिसहरूको पनि यथेष्ट वसोवास रहेको छ । नेवार समुदायका शाक्य, मानन्धर, बज्राचार्य लगायतका विभिन्न जातिहरूले वौद्ध धर्म मान्ने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले विशेष गरी बुद्ध जयन्तीलाई आफ्नो विसेष चाडको रूपमा मनाउने गर्दछन् । यसै दिनमा नालाको करूणामय जात्रा पनि मनाइन्छ ।

नगर क्षेत्रमा रहेका क्रिश्चियन धर्मका अनुयायीहरूले विशेष गरी २५ डिसेम्बरलाई क्राइस्टको जन्मजयन्तीको रूपमा क्रिसमस चाड मनाउने गर्दछन् ।

बनेपा नगरपालिका भित्र स्थानीयरूपमा मुस्लिमहरूको बसोबास रहेको छैन। बढ्दो सहरीकरणको कारणले प्राविधिक र व्यावसायिक काममा सलग्न वनेपा नगरका अस्थायी बासिन्दाहरूमध्ये केही मुस्लिम धर्मावलम्बी पनि रहेका छन्। यसरी अस्थायी रूपमा बसोबास गर्ने मुस्लिमहरूले प्रत्येक हप्ताको शुक्रबार प्रार्थना गर्ने गरेको देखिन्छ तथापि यस नगरक्षेत्रभित्र स्थायी मस्जिद भने रहेको छैन।

विभिन्न जातिको बसोबास रहेको र ती जातिहरूले आफ्नै मौलिक परम्परा अनुसार विभिन्न प्रकारका चाडपर्वहरू मनाउने गरेको यस सांस्कृतिक नगरी बनेपामा सांस्कृतिक र जातिगत सहिष्णुताले नगरको विशिष्टतालाई अझ प्रस्टसँग झल्काउँछ।

## अभ्यास

१. **बनेपा नगरपालिकामा बसोबास गर्ने कुनै पाँचवटा जातिको नाम लेखी उनीहरूले मनाउने मुख्य चाडपर्व उल्लेख गर्नुहोस्।**

२. **बनेपा नगरपालिकामा सबै जातिले मनाउने कुनै ३ चाडपर्वहरूको बारेमा छोटकरीमा लेख्नुहोस्।**

**परियोजना कार्य :**

आफ्नो परिवारमा छलफल गरी तपाईंहरूले मनाउने गर्नुभएको कुनै एक जातिगत चाडपर्वको वारेमा छोटो लेख लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

# एकाइ - ४

# स्थानीय पेसा, उद्यमशीलता र प्रविधि

## पाठ १ परिचय

पेसा भन्नाले सामान्यतया जीविकोपार्जनको मुख्य कार्य वा व्यवसायलाई बुझिन्छ, जस्तै : शिक्षण, कृषि आदि । सबै प्रकारका कामहरू, जसबाट मानिसहरू पर्याप्त कमाउन र जीवन निर्वाह गर्न सक्छन् ती सबै 'पेसा' हुन्, जस्तै जुत्ता बनाउनु, लुगा वा कपडा सिलाउनु, बिरामीको उपचार गर्नु, निर्माण कार्यमा संलग्न हुनु आदि । समाजका सबै मानिसहरूको पेसा एउटै हुँदैन । उनीहरू विभिन्न पेसाहरूमा संलग्न रहेका हुन्छन् ।

हाम्रो गाउँ र समुदायहरू धेरै पहिलेदेखि नै मानिसहरूले विभिन्न पेसा गरिरहेका छन् । यी परम्परागत पेसाहरूमा पनि विभिन्न ज्ञान, शीप, र प्रविधिहरू उपयोग भैरहेको हुन्छ । विशेष गरी कृषिमा आधारित र गैरकृषिमा आधारित दुई प्रकारका परम्परागत पेसामा मानिरहरू संलग्न भएको पाइन्छ । कृषि, पशुपालन, फर्निचर वा भाँडावर्तन वनाउने, घर निर्माण, डकर्मी र सिकर्मी आदि गतिविधिहरू हाम्रा परम्परागत पेसाहरू हुन् ।

व्यावहारिक उद्देश्यको लागि ज्ञान को उपयोगलाई प्रविधिको रूपमा बुझिन्छ । समस्याहरूको समाधानका लागि ज्ञानको व्यावहारिक उपयोग गर्ने उपकरण नै प्रविधि हो । उदाहरणको लागि डोको तयार गर्नको लागि प्रयोग गरिने हँसिया एक प्रविधिको रूप हो । विज्ञानको क्षेत्रमा भएको विकास सँगसँगै हाम्रो परम्परागत प्रविधिमा पनि दिन प्रतिदिन विकास भैरहेको छ । त्यसैले आधुनिक प्रविधि परम्परागत प्रविधिकै उन्नत र विकसित परिणामको रूपमा लिइन्छ ।

नयाँ व्यवसाय सिर्जना गर्नु उद्यमशीलता हो । यसरी नयाँ व्यवसाय सुरू गर्ने कार्यमा स्थानीय सिप र प्रविधिको उपयोग गरेमा यसलाई स्थानीय उद्यमशीलताको रूपमा लिन

सकिन्छ । मानिसहरूलाई दैनिक जीवनमा आफ्नो गतिविधिहरू सञ्चालन गर्न सहयोग गर्ने प्रविधिलाई स्थानीय प्रविधि भन्न सकिन्छ ।

स्थानीय क्षेत्रमा रहेका साधनको उपयोग गरी परम्परागतरूपमा विभिन्न प्रकारका सामग्रीहरू बनाउँदै आइरहेको पाइन्छ । यसरी सामानहरू बनाउने कामलाई हाम्रो मौलिक उद्यमशीलताको रूपमा लिइन्छ । स्थानीयस्तरमा वस्तुको उत्पादन गरी आवश्यकताहरू पूरा गर्ने कार्य वा व्यवसायलाई स्थानीय पेसा भनिन्छ ।

बाँसका चोयाको डोको, डालो, केतुकेबाट डोरी, सालको पातबाट दुना, टपरी बनाउने जस्ता कार्यहरूले आफूलाई आवश्यक परेको समयमा उक्त सामग्रीहरू उपयोग गर्न पाइन्छ । आफूलाई बढी भएमा यस्ता सामग्रीहरू नजिकका बजारमा गएर बिक्री वितरण गरी अर्थोपार्जन पनि गर्न सकिन्छ ।

बाँसको चोया काटेर डोको डालो बनाउने, पातबाट टपरी दुना बनाउने र परम्परागत रूपमा गरिने अन्य यस्ता धेरै प्रकारका कार्यहरू हाम्रो घरायसी जीवनका अत्यन्त आवश्यक पर्ने वस्तुहरूको उत्पादन गर्नमा सहायक सिद्ध भइरहेका छन् । एक पुस्ताबाट अर्को पुस्तामा परम्परागत रूपमा प्रविधि हस्तान्तरण हुने यसप्रकारका पेसाहरूमा विशेष तालिम परिश्रम लगानी गरेको नदेखिए तापनि यसको आफ्नै महत्त्व र औचित्य रहेको प्रष्टसँग बुझ्न सकिन्छ । यस प्रकारका उत्पादनले हाम्रो आवश्यकताहरू पूरा गरेका छन् भने अर्कोतिर हामीलाई आफ्नो आवश्यकतामा स्वनिर्भर हुनका लागि सहयोग गरेका छन् । जसले गर्दा हाम्रा घरायसी आवश्यकताहरू पूरा गर्नका लागि सधैँ बजारकै मात्र मुख ताक्नु पर्ने अवस्था रहेको छैन । तथापि यस प्रकारका परम्परागत उद्यमशीलताका कार्यहरू विस्तारै लोप हुँदै गएको पाइन्छ ।

## अभ्यास

१. उद्यमशीलता भनेको के हो ? स्थानीय उद्यमशीलताको कुनै दुई उदाहरण दिनुहोस् ।

२. स्थानीय पेसा र प्रविधिले मानिसको दैनिक आयवश्कता पूरा गर्नमा कसरी सहयोग पुर्याउँछ ? उदाहरणसहित लेख्नुहोस् ।

**परियोजना कार्य :**

- तपाईंको नजिक रहेको र स्थानीय ज्ञान र सिपसँग सम्बन्धित कार्य गर्ने कुनै व्यक्तिसँग छलफल गरी उक्त कार्यको बारेमा कक्षामा जानकारी गराउनुहोस् ।
- कपासबाट बत्ती कात्ने, सालको पातको दुना र टपरी बनाउने वा अन्य कुनै यसै प्रकारको परम्परागत सीपबाट गर्न सकिने कुनै एक काम गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

# पाठ २ व्यावसायिक उद्यमशीलताको महत्त्व

उद्यमशीलता भनेको काम वा व्यवसाय गर्नमा सक्रिय रही अर्थोपार्जन गर्नु हो । हाम्रो समाजमा परम्परागत ज्ञान र सिपमा आधारित व्यावसायिक उद्यमशीलताका कार्यहरू भैरहेका छन् । यस्ता प्रकारका व्यावसायिक सिपको विकासमा स्थानीय तहहरूले सहयोग समेत पुऱ्याउँदै आइरहेका छन् । बनेपा नगरपालिकाकले पनि विभिन्न समयमा मुढा बनाउने, खेलौनाहरू निर्माण गर्ने, मैनबत्ती बनाउने सावुन बनाउने, धुप बनाउने जस्ता मौलिक व्यावसायिक सिपहरूको तालिमको व्यवस्था गर्ने गरेको पाइन्छ । यसले नगरबासीलाई उद्यमी बन्न वा रोजगारमा लाग्न सहयोग पुऱ्याइरहेको छ ।

**व्यावसायिक उद्यमशीलताको महत्त्व :**

- आफ्नो घरायसी आवश्यकताहरू परिपूर्ति गर्न ।
- परम्परागत सिपको संरक्षण र हस्तान्तरण गर्न ।
- घरकै मानिसहरू मिलेर वा थोरै मानिसहरूको सहभागितामा सञ्चालन गर्न सकिने घरेलु तथा साना उद्योगको स्थापनामा सहयोग पुऱ्याउन ।
- उत्पादित विभिन्न वस्तुहरूलाई बिक्री वितरण गरी आर्थिक उपार्जन गर्न
- स्थानीय रूपमा उपलब्ध हुने विभिन्न कच्चा पदार्थहरूको सदुपयोग गरी सामग्री उत्पादन गर्न ।
- कम मूल्य र न्यून मूल्य पर्ने स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गर्न ।
- आत्मनिर्भर वन्न ।
- सोही प्रकृतिका सामग्रीहरू बजारबाट खरिद गर्दा हुने खर्चलाई न्यूनीकरण गर्न ।
- आफ्नो मौलिकता र विशिष्टताको संरक्षण सम्वर्धन गर्न ।
- परम्परागत ज्ञान सिपलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय चिनाउन ।

## अभ्यास

१. व्यावसायिक उद्यमशीलताको कुनै छ महत्त्वहरूको सूची बनाउनुहोस् ।

२. स्थानीय व्यावसायिक उद्यमशीलताले स्थानीयस्तरमा उपलव्ध हुने कम मूल्य पर्ने सामग्रीहरूको सदुपयोगमा कसरी सहयोग पुऱ्याउँछ ? उदाहरणसहित लेख्नुहोस् ।

३. स्थानीय उद्यमशीलता सम्बर्धनको वारेमा सचेतना फैलाउने खालका दुईवटा नाराहरू लेख्नुहोस् ।

**परियोजना कार्य :**

स्थानीय व्यावसायिक उद्यमशीलताले घरेलु तथा साना उद्योगको स्थापना, सञ्चालन र आयआर्जनमा के कस्तो सहयोग पुऱ्याउन सक्छ ? भन्ने बारेमा मौलिक परम्पराको ज्ञान भएको कुनै ३ मानिसहरूसँग छलफल गरी प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ व्यावसायिक उद्यमशीलताका समस्या र समाधानका उपायहरू

हाम्रो परम्परागत ज्ञान, सिप र प्रविधिसँग जोडिएको स्थानीय उद्यमशीलताको विकास र विस्तारमा विभिन्न समस्याहरू छन् । त्यसमध्ये केही प्रमुख समस्यालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- स्थानीय व्यावसायिक उद्यमशीलताको विज्ञापन नहुनु ।
- परम्परागत ज्ञान, सिप र प्रविधि हस्तान्तरण सन्तोषजनक नहुनु ।
- नयाँ पुस्ताले परम्परागत ज्ञान, सिप र प्रविधिमा चासो नदिनु ।
- पर्याप्त तालिमको व्यवस्था नहुनु ।
- उद्योगबाट उत्पादित कम मूल्यमा पाइने आकर्षक उत्पादनहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- स्थानीय व्यवसायी उद्यमशीलतालाई नीतिगत रूपमै संरक्षण र सम्वर्धन गर्नमा समस्याहरू हुनु ।
- व्यवसाय सञ्चालनका लागि आर्थिक अभाव हुनु ।

माथि उल्लेखित समस्याहरूको समाधानका लागि स्थानीय तहहरूले नियम र कार्यक्रमहरू बनाई लागु गर्ने दिशामा अझै प्रयत्नशील हुनुपर्दछ । व्यावसायिक उद्यमशीलताको संरक्षण र सम्बर्धनमा देखिएका समस्याहरूको समाधान गर्नमा व्यक्ति समाज र राष्ट्रकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । देशको सरकारले विभिन्न स्थानीय तहहरूमार्फत् बासिन्दाहरूमा रहेको स्थानीय व्यावसायिक ज्ञान, सिप र क्षमतालाई नीतिगत रूपमै प्रवर्धन गर्ने व्यवस्था मिलाउनु आवश्यक देखिन्छ । यदि यस्तो हुन सकेमा एक पुस्ताबाट अर्को पुस्तामा हाम्रा मौलिक ज्ञान, सिप, क्षमता र दक्षताहरू हस्तान्तरण र पुस्तान्तरण हुँदै जाने सम्भावना प्रबल रहिरहन्छ ।

हाम्रो स्थानीय व्यावसायिक उद्यमशीलताबाट उत्पादित विभिन्न प्रकारका सामग्रीहरूको उचित वजार व्यवस्थापन विज्ञापन र राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउनका लागि प्रयत्न गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ। विभिन्न उद्योगहरूले आधुनिक मेसिनको प्रयोग गरी उत्पादन गर्ने सामग्रीहरूको गुणस्तर र मूल्यसँग प्रतिस्पर्धा गर्न सक्नेगरी हामीले यस्ता व्यावसायिक सामग्रीहरूको उत्पादनलाई जोड दिनुपर्ने हुन्छ। यस्तै वजारको माग, आवश्यकता र चाहना बमोजिम उद्यमशीलतालाई विकास र विस्तार गर्दै लैजानुपर्ने हुन्छ। आजको समय विज्ञान र प्रविधिको समय हो। हाम्रो स्थानीय सिप र उद्यमशीलताको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउनमा यिनै विज्ञान प्रविधिका विभिन्न उपायहरू, उपकरणहरूको उपयोग गर्न सकिन्छ।

## अभ्यास

**१. स्थानीय व्यावसायिक उद्यमशीलतामा देखापरेका समस्याहरूको सूची बनाउनुहोस्।**

**२. स्थानीय व्यवसायी उद्यमशीलतामा देखापरेका समस्याहरूको समाधानको उपायहरूको सूची बनाउनुहोस्।**

**३. परम्परागत ज्ञान, सिप र प्रविधिको हस्तान्तरण सन्तोषजनक नहुनुका कारणहरू छोटकरीमा लेख्नुहोस्।**

**परियोजना कार्य :**

स्थानीय उद्यमशीलताबाट उत्पादन हुने सामग्रीहरूको बिक्री वितरणमा आधुनिक मेसिनले कस्तो चुनौती थपिदिएको छ ? स्थानीय बजारको अध्ययन गरी एक लेख तयार पार्नुहोस्।

# एकाइ - ५

# योग तथा प्राणायाम

## पाठ १ योग तथा प्राणायामको परिचय

योग शव्दको शाव्दिक अर्थ जोड्नु भन्ने हुन्छ । यसरी हेर्दा आत्माको परमात्मासँगको मेल वा जोडलाई योग भनिन्छ । योगले मानवीय चेतनाको अधिकतम् विकास गरी सम्पूर्ण जगत् को रहस्य सिकाउँदै आनन्दको उच्चतम् अनुभूति गराउँछ । पौराणिक कालदेखि नै योग, ध्यान, प्राणायामको संयोजनबाट शारीरिक तथा मानसिक स्वस्थता, आत्मिक शान्ति तथा सांसारिक बन्धनबाट मोक्ष प्राप्तिसम्म गर्न सकिन्छ भन्ने विश्वास रहिआएको छ ।

**महर्षि पतञ्जलीका अनुसार योगका आठओटा अङ्गहरू रहेका हुन्छन् :**

- यम
- नियम
- आसन
- प्राणायाम
- प्रत्याहार
- धारणा
- ध्यान
- समाधी

प्राणायामको शाब्दिक अर्थ प्राणवायु (सास फेर्ने हावा) लाई व्यक्ति आफैँले नियन्त्रण गर्ने तथा सामान्य अवस्था भन्दा फरक किसिमले चलायमान गर्ने अवस्था बुझिन्छ । प्राणायामलाई योगका आठ अङ्गमध्येको एक अङ्ग पनि मानिन्छ । योगलाई समग्र रूपले हेर्दा शरीर र मनलाई जोड्ने वा एकाग्र बनाउने वा एकैसाथ नियन्त्रणमा ल्याउने विधि बुझिन्छ । योग, ध्यान र प्राणायाममध्ये शारीरिक आरोग्यता तथा मानसिक शान्तिको अवस्थामा प्रवेश गर्नका लागि तत्कालै सुरू गर्न सकिने विधि चाहिँ प्राणायाम हो ।

प्राणायामको अभ्यासबाट शरीरले सामान्य अवस्थामा भन्दा बढी अक्सिजन प्राप्त गर्दछ, साथै शरीरभित्र जम्मा भएर रहेको विकार वस्तुहरूलाई बाहिर फ्याँक्ने काम पनि गर्दछ ।

यसबाहेक मानिसको मनको चञ्चलतालाई कम गर्ने, ध्यानलाई केन्द्रित गर्ने स्मरणशक्ति विकास गर्ने, आकर्षक व्यक्तित्व निर्माण गर्ने, रचनात्मक सोचाइहरूको विकास गर्ने साथै आफूले चालेका कुनै पनि कदममा सफलता हासिल गर्ने कार्यका लागि प्राणायाम महत्त्वपूर्ण मानिन्छ ।

प्राणायामलाई अझ सजिलोसँग बुझ्ने सन्दर्भमा यहाँ तीनवटा प्रक्रियाहरू उल्लेख गरिएको छ : पूरक, कुम्भक र रेचक ।

**पूरक** : नियन्त्रित रूपमा स्वासलाई भित्र तान्ने प्रक्रिया

**कुम्भक** : स्वासलाई आफ्नो क्षमताअनुसार रोकेर राख्ने प्रक्रिया

**रेचक** : लिइएको स्वासलाई नियन्त्रित रूपमा छोड्ने प्रक्रिया ।

योग गर्नाले विभिन्न खालका शारीरिक समस्याहरूबाट समेत टाढा रहन सकिन्छ । त्यसैले मानिसहरूले गरौँ योग, रहौँ निरोग पनि भन्ने गर्दछन् ।

## अभ्यास

**१ योग र प्राणायामको शाब्दिक अर्थ लेख्नुहोस् ।**

**२ योगका अङ्गको सूची बनाउनुहोस् ।**

**३ प्राणायामको महत्त्वको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

**४ प्राणायामका मुख्य प्रक्रियाहरूको सूची तयार गर्नुहोस् ।**

### परियोजना कार्य :

योगको बारेमा जानकारी भएको मानिससँग छलफल गरी योगका आठवटा अङ्गहरूको बारेमा जानकारी दिँदै एउटा छोटो लेख तयार पार्नुहोस् ।

# पाठ २ योग तथा प्राणायामको महत्व

हामीले योगमार्फत् मानवीय चेतनाको अधिकतम् विकास गर्न सक्ने कुराको बारेमा उल्लेख गरिसकेका छौँ । यस्तै आनन्दको उच्चतम् अनुभूति गराउनुलाई योगको एक प्रमुख लक्ष्य मान्न सकिन्छ । योग गर्नाले मानिसलाई आत्मसन्तुष्टि प्राप्त भई सकारात्मक ऊर्जाको समेत विकास हुन सक्छ । आजभोलि मानिसहरू धेरै प्रकारका तनाव र चिन्ताहरू लिने गर्दछन् । मानिसहरूलाई उक्त तनाव र चिन्ताबाट मुक्त बनाउन पनि योगको ठुलो महत्त्व रहेको हुन्छ । नियमित रूपमा योग गर्ने मानिसहरू अन्य मानिसहरूभन्दा फुर्तिला र स्वस्थ हुने गरेको देखिन्छ ।

**योग तथा प्राणायामका प्रमुख महत्त्वहरू यसप्रकार रहेका छन् :**

- योगले मन शान्त बनाउँछ ।
- स्मरण शक्ति वृद्धि गर्दछ ।
- शारीरिक सुगठनमा सहयोग पुऱ्याउँछ ।
- नैतिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ ।
- मानसिक तनाव, डिप्रेसन, मोटोपन, अम्लपित्तजस्ता विभिन्न प्रकारका समस्याहरू हुन नदिन सहयोगी सिद्ध हुने गर्दछ ।

## अभ्यास

**१. योगले मानिसहरूमा सकारात्मक सोचको विकास कसरी गर्न सक्छ ?**

**२. योगका कुनै तीनवटा महत्त्वको सूची तयार पार्नुहोस् ।**

**३. "योग र शारीरिक स्फूर्ति" को सम्बन्धको बारेमा उल्लेख गर्नुहोस् ?**

# पाठ ३ योग अभ्यास

योग अभ्यासलाई सही समयदेखि नै हाम्रो दैनिक जीवनको अङ्ग बनाउन सकेमा यसले चौतर्फी फाइदा पुऱ्याउँछ ।

सूर्य नमस्कार एउटा प्रमुख योग अभ्यास हो । सूर्य नमस्कार अभ्यासको धेरै फाइदाहरू रहेका छन् । यसले वजन घटाउन सहयोग गर्ने र मांसपेशी सुदृढ बनाउने गर्दछ । नियमित रूपमा योग गर्नेहरूमा पाचन प्रणालीमा सुधार हुन्छ र अनिद्रासँग लड्न मद्दत पुग्दछ । महिलाहरूमा रजस्वला चक्र नियमित गर्नमा पनि योग सहयोगी रहन्छ । त्यस्तै आन्तरिक अङ्गहरू सुदृढ बनाउन, स्नायु प्रणालीमा सन्तुलन ल्याउन, रगतमा चिनीको स्तर कम गर्न, तनाव स्तर कम गर्न र पेटको रोगहरू कम गर्न पनि योग धेरै नै प्रभावकारी रहने गर्दछ ।

**आज हामीहरू एउटा महत्त्वपूर्ण योग अभ्यासको बारेमा चर्चा गर्नेछौँ ।**

सूर्य नमस्कार गर्नका लागि हामीले विभिन्न प्रकारका १२ वटा आसनहरूको अभ्यास गर्नुपर्छ, जसलाई चरणवद्ध रूपमा तल प्रस्तुत गरिन्छ :

१. **प्रणामासन वा नमस्कार मुद्रा**: सिधा उभिएर दुवै हात छातीको अगाडि जोडी ढाड कम्मर सिधा राखी नमस्कार गर्ने

२. **हस्तउत्तानासन/ऊर्ध्वहस्तासन**: सास तान्दै दुवै हातलाई टाउको पछाडि लगी शरीरलाई समेत पछाडि झुकाउने

३. **पादहस्तासन**: सास छोड्दै कम्मर भन्दा माथिको भागलाई अगाडि झुकाउँदै खुट्टाहरूको छेउमा भुईंमा अड्याउने घुँडा नखुम्चाइकन निधारले घुँडामा छुने प्रयास गर्ने

४. **वाम-अश्वसञ्चालनासन**: सास लिँदै दुवै हात खुट्टाको दायाँबायाँ राखी दायाँ खुट्टालाई पछाडि लगी घुँडाले भूमिमा टेक्ने र दृष्टि आकाशतिर गरी श्वास भित्र तानेर रोक्ने

५. **पर्वतासन**: सास वाहिर छोड्दै दुवै खुट्टा पछाडि राखी हात र खुट्टाको बलमा उभिने र पहाडको जस्तै वनी नाभी हेर्ने

६. **अष्टाङ्गनमनासन/साष्टाङ्गासन**: सास सामान्य रूपमा दुवै घुँडा र छातीसमेत जमिनमा राखी पुठ्ठालाई माथि उठाउने

७. **भुजङ्गासन:** श्वास भित्र तानेर छातीलाई माथि उठाउँदै आकाशतिर हेर्ने, कम्मर अगाडिको भाग भुईंमा अडाएर राख्दै हात र खुट्टालाई सिधा राख्ने ।

८. **पर्वतासन:** दुवै खुट्टा पछाडि राखी घाँटी र टाउकोलाई दुवै हातको बिचमा राख्ने, टाउकोलाई तलतिर झुकाएर नाभीमा हेर्ने ।

९. **दक्षिण अश्वसञ्चालनासन:** दायाँ खुट्टालाई उठाएर पछाडि भुजङ्गासनको स्थितिमा राख्दै बायाँ खुट्टालाई दुवै हातको बिचमा राख्ने । घुँडा छातीको सामुन्ने अड्याई दृष्टिलाई आकाशतिर लैजाने र श्वास भित्र तान्ने ।

१०. **पादहस्तासन:** सास छाड्दे फेरि पादहस्तासनमा आउने

११. **हस्तोत्तानासन/ऊर्ध्वहस्तासन:** सास भित्र तानेर अगाडितिरवाट हातलाई खोल्दै पछाडितिर लैजाने र दृष्टि आकाशतिर हुनुपर्छ ।

१२. **प्रणाम आसन:** सास छोड्दै प्रणाम आसनमा आउने ।




## अभ्यास

१ सूर्य नमस्कारका १२ वटा आसनको नाम लेख्नुहोस् ।

२ सूर्य नमस्कारका सुरूका छ वटा आसनहरूको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

**परियोजना कार्य :**

विषय शिक्षकको सहयोग लिई सूर्य नमस्कारको अभ्यास गर्नुहोस् ।

# एकाइ - ६

# विकास निर्माण र वातावरण

## पाठ १ दिगो विकासको परिचय

विकास भनेको सकारात्मक परिवर्तनको प्रकृया हो । कुनै पनि स्थानमा गरिने गुणात्मक र परिमाणात्मक परिवर्तनको प्रक्रियालाई विकास भन्न सकिन्छ तर यस्तो परिवर्तन सकारात्मक हुनुपर्दछ । कुनै पनि स्थानमा बाटो, बिजुली, खानेपानी अथवा मानिसलाई फाइदा पुग्ने खालका कामहरू गर्नु विकास हो । मानवीय जीवनलाई सहज र गुणात्मक वनाउनका लागि विकास आवश्यक हुन्छ । प्राकृतिक स्रोत साधनको उपयोगमार्फत् विकासका गतिविधिहरू अगाडि बढाउन सकिन्छ ।

दिगो शव्दको शाव्दिक अर्थ लामो भन्ने हुन्छ । यसरी हेर्दा दिगो विकास भन्नाले लामो समयसम्म टिकिरहने विकासलाई बुझ्नुपर्छ । एकचोटी विकास निर्माणको काम गरिसकेपछि यदि त्यसले लामो समयसम्म प्रतिफल दिन सक्छ भने त्यसलाई दिगो विकास भनिन्छ । सामान्यतया: विनाश बिनाको विकास नै दिगो विकास हो ।

भावी पुस्ताको आवश्यकता परिपूर्ति गर्न सक्ने प्राकृतिक स्रोतहरूको अवस्थामा खलल वा सम्झौता नगरीकन वर्तमान् पुस्ताका आवश्यकताहरू परिपूर्ति हुने गरी विकासका गतिविधिलाई सञ्चालन गर्नुलाई दिगो विकास भन्न सकिन्छ ।

यदि कुनै स्थानमा एकपटक वाटो खोलिसकेपछि त्यसले दीर्घकालसम्म त्यहाँका बासिन्दाहरूलाई सुविधा प्रदान गरेमा त्यस बाटो खन्ने कामलाई दिगो विकासको रूपमा हेर्न सकिन्छ । तर यसरी खनिएको बाटोले मानिसलाई सुविधा पुऱ्याउनुको सट्टामा दु:ख हैरानी दिने वा प्रकृतिको क्षयीकरण गर्ने कार्य गर्दछ भने यसलाई दिगो विकासको रूपमा हेर्नु हुँदैन । प्राकृतिक स्रोत साधनको अवस्था र वातावरणले वहन गर्न सक्ने जति गतिविधिहरूलाई ध्यानमा राखी सञ्चालित विकासका कार्यक्रमहरू दिगो हुने गर्दछन् .

## अभ्यास

१. दिगो विकासको शाब्दिक अर्थ लेख्नुहोस् ?

२. विकास भनेको के हो ?

३. दिगो विकासवाट कसरी लामो समयसम्म सकारात्मक प्रतिफल प्राप्त गर्न सकिन्छ ?

४. दिगो विकास गर्ने क्रममा ध्यान दिनुपर्ने मुख्य कुराहरू के-के हुन् ?

**परियोजना कार्य :**

दिगो विकासको अवधारणा Bruntland आयोगले विकास गरेको हो । विषय शिक्षक र अन्य स्रोत सामग्रीहरूको सहयोग लिई दिगो विकासको अवधारणाको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

# पाठ २ दिगो विकासको महत्त्व

वातावरण संरक्षण गर्दै विकासको प्रतिफल हासिल गर्नका लागि दिगो विकास आवश्यक हुन्छ । पृथ्वीका स्रोत र साधनको नास पनि नगर्ने, मानिसहरूको आर्थिक र सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने काम दिगो विकास हो । विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा वातावरण अनुकूल हुनुपर्छ भन्ने मान्यतालाई दिगो विकासले आत्मसात् गरेको हुन्छ । त्यसैले विकासलाई दिगो हुने गरी सञ्चालन गर्नका लागि वातावरणमा प्रतिकूल कार्यहरू गर्नु हुँदैन ।

विकास निर्माण गर्नका लागि प्राकृतिक स्रोत साधनको भरपुर प्रयोग गरिन्छ । त्यस्तै विकास गर्ने भनेकै वातावरणमा हो । तसर्थ विकास निर्माणले वातावरणलाई पनि प्रभाव पार्दछ, जस्तै बाटो खन्न वा विद्यालय, स्वास्थ्य चौकी वा अन्य कुनै सार्वजनिक महत्त्वको भवन बनाउन घाँसे मैदान चरन क्षेत्र वा वनजङ्गलको क्षेत्रलाई प्रयोगमा ल्याइएको हुन्छ । यसरी सार्वजनिक महत्त्वको कुनै पनि विकास निर्माणको काम गर्ने क्रममा उपयोगमा ल्याइने वातावरणीय पक्षहरूलाई सकेसम्म कम हानि वा क्षति नहुने गरी विकासको गतिविधिहरू सञ्चालन गर्नुपर्छ । अन्यथा एकपटक गरिएको विकासले हामीलाई हाम्रो वातावरणलाई पटक पटक क्षति पुऱ्याउन सक्छ । उद्योग कलकारखानाको विकास गर्ने क्रममा वातावरणको वहन क्षमतालाई ख्याल गरिएन भने त्यस क्षेत्र प्रदूषित हुन गई मानव स्वास्थ्यलाई नै प्रतिकूल असर पर्न सक्छ । दिगो विकासका महत्त्वहरू तल उल्लेख गरिएका छन् :

- विकासका प्रतिफलहरूमा समानता कायम गर्न सकिने ।
- वातावरणका स्रोतसाधनको संरक्षण र सम्बर्धन हुने ।
- मानिसहरूमा दायित्वबोध हुने ।
- पारिस्थितिक पद्धतिको संरक्षणमा सहयोग हुने ।
- विकासलाई दिगो बनाउन प्रयत्न गर्दा स्थानीय जनसमुदायले यथेष्ट सहभागिता जुटाउने ।
- दिगो विकासले पृथ्वीको वहन क्षमताको परिधि भित्र रहने ।

- भावी पुस्ता को लागी उज्ज्वल भविष्य सुनिश्चित गर्न मद्दत पुर्याउने ।
- प्राकृतिक श्रोत र साधनहरूको अत्यधिक उपयोगको प्रवृत्तिलाई निरूत्साहित गर्न सहयोग पुर्याउने ।
- उच्च आर्थिक वृद्धि हासिल गर्न मद्दत पुग्ने ।
- प्राकृतिक श्रोत र साधनहरूको उपयोग, पुनर्चक्रण, पुन: उपयोग र नवीकरणमा प्राथमिकता दिने ।

## अभ्यास

**१. दिगो विकासका महत्त्वहरूको सूची तयार पार्नुहोस् ।**

**२. दिगो विकास र पारिस्थितिक पद्धतिको संरक्षमा कस्तो सम्बन्ध रहेको हुन्छ ?**

**३. दिगो विकासले मानवीय स्रोतको विकासमा कसरी सहयोग पुर्याउँछ ?**

**परियोजना कार्य :**

अभिभावक वा शिक्षकको सहयोग लिई तपाईंको वरपर सञ्चालित विकासका आयोजनाहरूमध्ये वातावरण संरक्षणमा र सम्बर्धनलाई पनि ध्यान दिई सञ्चालित विकास आयोजनाको पहिचान गरी त्यसको बारेमा एउटा छोटो परिचयात्मक लेख लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ विकास निर्माणले वातावरणमा पारेको प्रभाव

मानवीय जीवनको गुणात्मक र परिमाणात्मक उन्नतिका लागि विकासको महत्वपूर्ण भूमिका रहेको हुन्छ। विकासका गतिविधिहरूलाई प्रकृतिमैत्री र दिगो हुनेगरी सञ्चालन गर्न सकेमात्र त्यसको प्रतिफल लामो समयसम्म प्राप्त गर्न सकिन्छ।

विकास निर्माणका सकारात्मक प्रतिफलका साथै केही नकारात्मक असर पनि हुन सक्छन्। विकास निर्माण बाट प्राप्त हुने प्रतिफलहरू सकारात्मक वा नकारात्मक के हुने भन्ने कुरा हामीले सञ्चालन गरेको विकासबाट आयोजनाहरूको प्रकृतिमाथि निर्भर रहन्छ। कुनै पनि प्रकारको विकासमा कार्यहरू गर्दा वातावरणलाई सकेसम्म कम क्षति हुने गरी कार्य गर्नुपर्दछ। यदि यस्तो हुन सकेमा हाम्रो वातावरण मानवजाति र सम्पूर्ण जीवजन्तु तथा वनस्पतिहरूलाई समेत दीर्घकालसम्म फाइदा पुग्न सक्छ।

विकासको सकारात्मक प्रतिफलहरूका कारण मानविय जीवन सुखी र सम्वृद्ध हुन सक्दछ। बाटो बनाउने क्रममा सडक पेटीमा रूख विरूवा पनि रोप्ने, जलाशयहरू निर्माण गर्ने जस्ता कामहरूले मानिसहरूलाई सकारात्मक प्रतिफल दिन्छ। धेरै मानिसहरूलाई सफा पानी र चिकित्सा सेवाको सुविधा प्राप्त हुने र यसको कारणले जीवनको गुणस्तरीयतामा वृद्धि भइरहेको छ। मानिसहरूले उद्योग, व्यवसाय र अन्य अर्थोपार्जनका क्षेत्रहरूमा अवसरहरू प्राप्त गरिरहेका छन्। बढ्दो आर्थिक गतिविधिबाट प्राप्त आम्दानीको उपयोग गरी पर्यावरणको संरक्षण र सम्बर्धनमा खर्च गर्न सकिन्छ। भौतिक विकासको वृद्धिसँगै प्राकृतिक श्रोत र साधनको संरक्षण र सम्बर्धनका लागि प्रचारप्रसार गर्न र विभिन्न प्रकारका कार्यक्रमहरू लागु गर्न सहयोग पुगिरहेको छ, प्रचारप्रसार र वैकल्पिक ऊर्जाको प्रयोगलाई प्राथमिकता दिने जस्ता कार्यहरूले गर्दा बनेपा नगर क्षेत्रको वनजङ्गल संरक्षणमा सहयोग पुगिरहेको छ।

विकासका गतिविधिहरू दीर्घकालीन योजनाहरूका साथमा सञ्चालन गरिएन भने यसले धेरै नकारात्मक प्रभावहरू पनि पार्न सक्दछ्। सडक विस्तार गर्दा पहिरो जाने, वन र खेतीयोग्य जमिन अतिक्रमित हुँदै जाने समस्या धेरै तिर देखिएको छ। भौतिक विकास भैरहेको क्षेत्रमा

आवास र पूर्वाधारको माग बढ्न गई उक्त माग पुरा गर्न सकिँदैन, त्यसैले त नेपालका अधिकांश सहरहरूमा बस्ती विस्तार अनियन्त्रित वनेको छ ।। सहरी क्षेत्रका धेरै मानिसहरू एकै ठाउँमा गुजुमुज्ज भएर बस्ने गर्दछन् । जसले गर्दा पूर्वाधार र अन्य आवश्यकीय वस्तुहरूको आपूर्ति र स्वस्थ जीवनयापनमा चुनौती थपिन जान्छ । सामाजिक विकृतिहरू पनि बढन सक्छन् । शिक्षित र कामकाजी उमेरका मानिसहरू ग्रामीणबाट सहरी क्षेत्रहरूमा सर्दा brain drain को समस्या देखिन सक्छ । सहरी र ग्रामीण दुवै क्षेत्रमा श्रमिक र कामकाजी मानिसहरूको जीवनस्तर घटन सक्छ । अव्यवस्थित र अनियन्त्रित बसाइको कारण ऊर्जाको मागमा उल्लेखनीय वृद्धि भइ हरितगृह ग्यास उत्सर्जन र यातायातको साधनहरूको वृद्धि भई वायु प्रदूषण र अन्य प्रदूषणहरू बढ्न सक्छ । वनेपा नगरमै पनि फोहोरमैला व्यवस्थापन र पुण्यमति खोलामा वर्षामा देखिने डुबानको समस्या बँढेको छ । भूमि र पानी प्रदूषण बढ्ने, ढललाई नदीमा मिसाउने क्रम बढ्ने र समग्रमा बसाइँ अस्वस्थ बन्ने गर्दछ ।

## अभ्यास

**१. विकास निर्माणले वातावरणमा के-कस्ता पार्दछ ?**

**२. वातावरणमा नकारात्मक असर नपर्ने गरी विकास निर्माणका आयोजनाहरू कसरी सञ्चालन गर्न सकिन्छ ?**

**३. विकास निर्माण गर्दा वातावरणीय स्रोत साधनको पनि संरक्षण गर्न सकेमा यसले हामीलाई कसरी फाइदा पुऱ्याउँछ ?**

**परियोजना कार्य :**

कुनै एउटा विकास आयोजना स्थलको अवलोकन गर्नुहोस् र त्यसले प्राकृतिक वातावरणमा पारेको प्रभावको बारेमा विषय शिक्षकसँग छलफल गरी विद्यालयबाट प्रकाशित हुने भित्तेपत्रिकाका लागि एक लेख तयार पार्नुहोस् ।

# एकाइ - ७

# सामाजिक संस्थाहरू र सरकारी कार्यलयहरु

## पाठ १ बनेपा नगरपालिका भित्रका सामाजिक संस्थाहरू र सरकारी कार्यलयहरू

सामाजिक संस्था भनेको समाजको लागि आवश्यक पर्ने सङ्घसंस्था हुन् । यी संस्थाहरूले मूलतः समाजमा रहेका समस्याहरूलाई समाधान गर्न सहयोग पुऱ्याउँछन् ।

सामाजिक संस्थाले जाति, भाषा, पेसा, धर्म आदि कुनै पनि आधारमा भेदभाव नगरी समाजका पछाडि परेका वर्ग र समुदायका मानिसहरूको सशक्तीकरण, आय आर्जनका लागि सिप विकास र क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने गर्दछन् । यसै गरी कतिपय सङ्घसंस्थाहरू विपद् व्यवस्थापन र विपदमा परेका मानिसहरूको जीवन रक्षाका निम्ति कार्य गर्दछन् । यिनीहरूले समाजलाई एउटा असल दिशा प्रदान गर्न पनि सहयोग पुऱ्याउँछन् ।

बनेपा नगरक्षेत्रमा जनताको स्वास्थ्य, शिक्षा र जनजीविकाको क्षेत्रमा काम गर्ने धेरैवटा सङ्घसंस्था रहेका छन् । त्यस्ता संस्थाहरूले अन्य व्यक्ति, सङ्घसंस्थाका साथै स्थानीयसँग समेत समन्वय गरी आफ्नो नीति अनुसारको कार्यक्रमहरूको योजना र सञ्चालन गर्ने गर्दछन् । तिनीहरूले स्वास्थ, शिक्षा, सामाजिक रूपान्तरण, निम्न वर्गीय मानिसहरूको उत्थान लगायतका उद्देश्यहरू परिपूर्ति गर्नका लागि विभिन्न प्रकारका काम गर्दछन् ।

नेपाल सरकारबाट सञ्चालित विभिन्न संस्था/निकायहरू:- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, वन कार्यालय, वातावरण सम्बन्धी कार्यालयहरू, प्रहरी चौकी, स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्थाहरू, विद्यालयहरू आदि सरकारी कार्यालयहरूको रूपमा सञ्चालनमा रहेका हुन्छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायको सहयोगमा विभिन्न प्रकारका गैरसरकारी संस्थाहरूले पनि सामाजिक कार्यहरू गर्दै आएका छन् । नेपाल रेडक्रस सोसाइटी, रेयुकाई, जेसिस, लायन्स

क्लब, लियो क्लब, लगायतले बनेपा नगर र लक्षित नगरबासीको सेवाका लागि कार्यहरू गरेका छन्। बनेपा नगरपालिकाका बासिन्दाहरूको लागि रेयुकाईले एइको मासुनागा अस्पतालले निःशुल्क आँखाको रोग मोतिबिन्दु शल्यक्रिया समेत गर्ने गरेको छ। त्यस्तै समाजसेवाको भावना भएका मानिसहरूको समूह मिली गुठी तथा समूह र क्लबहरू गठन गरी सामाजिक कार्यहरू गर्दै आएको देख्न सकिन्छ।

**बनेपा नगरपालिका भित्र रहेका केही प्रमुख सरकारी कार्यलयहरूको नाम तल दिइएको छ :**

| | | |
|---|---|---|
| बनेपा नगर पालिका | बनेपा ८ | स्थानीय सरकार |
| काभ्रे उपत्यका खानेपानी बोर्ड | बनेपा ८ | स्वच्छ खानेपानी व्यवस्थापन |
| ईलाका हुलाक कार्यालय बनेपा | बनेपा ८ | चिठीपत्र मार्फत\ सञ्चार सुविधा |
| नेपाल बनेपा प्राविधिक शिक्षालय | बनेपा ५ | प्राविधिक शिक्षा उपलब्ध गराउने कार्य |
| ईलाका प्रहरी कार्यालय | बनेपा ५ | शान्तिसुरक्षा अमनचयनको लागि कार्य गर्ने |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | बनेपा ८ | ट्राफिक नियमहरू को बारेमा सचेतना फैलाउने र सुविधाहरू प्रदान गर्ने |
| जिल्ला आयुर्वेद केन्द्र | वनेपा ५ | आयुर्वेदिक शिक्षा र सुविधा उपलब्ध गराउने |
| नेपाल खानेपानी संस्थान | बनेपा ५ | स्वच्छ खानेपानी उपलब्ध गराउने |
| नेपाल विद्युत प्राधिकरण | बनेपा ९ | विद्युतको सेवा उपलब्ध गराउने |
| राष्ट्रिय वाणिज्य बैंक | बनेपा ७ | आर्थिक सेवा उपलब्ध गराउने |
| नेपाल टेलिकम | बनेपा ८ | दूरसञ्चारसँग सम्बन्धित सेवा उपलब्ध गराउने |
| कृषि सेवा केन्द्र | बनेपा | कृषि क्षेत्रका विभिन्न समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउने र किसान लक्षित कार्यहरू गर्ने |

**त्यस्तै बनेपा नगरपालिकाभित्र विभिन्न प्रकारका संस्था र क्लबहरूले पनि सामाजिक कार्यहरू गर्ने गरेका छन् । केहीको नाम तल दिइएको छ :**

| | |
|---|---|
| नेपाल परिवार नियोजन सङ्घ | परिवार नियोजन र परिवार योजनासँग सम्बन्धित कार्यहरू गर्ने |
| रेडक्रस | स्वास्थ्य र विपद्को समयमा सहयोग पुऱ्याउने काम गर्ने |
| काभ्रे उद्योग वाणिज्य सङ्घ | उद्योग र वाणिज्य क्षेत्रको विकास र प्रबर्द्धनमा |
| रेयुकाई मासुनागा आँखा अस्पताल | नेत्रको स्वास्थ्य सम्बन्धी कामहरू गर्ने |

| | |
|---|---|
| नेपाल हृदयरोग निवारण प्रतिष्ठान | हृदयरोग निवारणका लागि आवश्यक कार्य गर्ने |
| चेतना केन्द्र | सामाजिक र नेतृत्व विकासका कार्यक्रमहरू गर्ने |
| लियो र लायन्स क्लब | सामाजिक र नेतृत्व विकास कार्यक्रमको आयोजना गर्ने |
| पतञ्जली योग समिति | योग मार्फत\ असल स्वास्थ्य प्रबर्द्धन सहयोग पुऱ्याउने |
| घरेलु तथा साना उद्योग महासङ्घ | सानो पुँजीबाट सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योगको विकास र विस्तारमा सहयोग पुऱ्याउने |
| जिल्ला सहकारी सङ्घ | सहकारी संस्थाहरूको विकास र विस्तार मार्फत\ आम मानिसहरूको आर्थिक स्थितिमा सुधार गर्ने प्रयत्न गर्ने |
| हंसदा योग आश्रम, बनेपा १० | योग मार्फत\ असल स्वास्थ्य प्रबर्द्धनमा सहयोग पुऱ्याउने |

माथि उल्लेखित संस्थाहरू र क्वबभन्दा बाहेक यस नगरपालिकाभित्र गुठीहरूले पनि समाजको चौतर्फी विकासमा सहयोग पुऱ्याउने खालका विभिन्न प्रकारका सेवाहरू उपलव्ध गराइरहेका छन् । यी गुठीहरूले आफ्नो सामाजिक र सांस्कृतिक मूल्य मान्यता र परम्परालाई जोगाउँदै समाजको उन्नति र विकासमा महत्त्वपूर्ण सहयोग गरिरहेका छन् ।

सामाजिक संस्थाको आफ्नै किसिमको महत्त्व रहेको छ । संस्थाहरू निश्चित उद्देश्य प्राप्तिका लागि स्थापित भएका हुन्छन् । ती संस्थाहरूले आफ्नो उद्देसय अनुसारका दीर्घकालीन र अल्पकालीन योजना तथा कार्यक्रमहरू तय गर्दछन् । आफूसँग उपलव्ध जनशक्ति स्रोत र साधनको समुच्चित उपयोग गर्दै ती योजना तथा कार्यहरू सम्पन्न गर्नका लागि प्रयत्नशील रहन्छन् ।

सरकारी र सामुदायिक संस्थाहरूको मुख्य उद्देश्य भनेको समुदायमा रहेका सम्पूर्ण प्रकारका बासिन्दाहरूलाई आवश्यक पर्ने सामुदायिक विकास, सुरक्षा, जनजीविकासँग सम्बन्धित प्रशासनिक कार्य सञ्चालन, लगायतका कार्यहरू मार्फत् सेवा पुऱ्याउनु रहेको हुन्छ । स्थानीय समुदायको आवश्यकता र औचित्यका आधारमा विकास निर्माणका कार्यहरू र सामुदायिक महत्त्वका विषयहरूमा सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्य पनि यिनीहरूले नै गर्दछन् । जस्तै विभिन्न सहकारी र बैंकहरूले वित्तिय क्षेत्रमा, क्लव समूह र गुठी समाजको सर्वाङ्गीण क्षेत्रमा काम गरिरहेको देख्न सकिन्छ । समग्रमा भन्नुपर्दा सामाजिक संस्थाहरूले सञ्चालन गरेका उक्त कार्यक्रमहरूबाट समाज नै लाभान्वित हुन सक्दछ ।

## अभ्यास

१. सामाजिक संस्था भन्नाले तपाईँ के भन्नुहुन्छ ?

२. सामाजिक संस्थाको मुख्य उद्देसय के रहन्छ ?

३. समाजको विकासमा सामाजिक संस्थाहरूले कस्तो भूमिका निर्वाह गर्दछन् ?

४. सामाजिक संस्थाको महत्त्वलाई कुनै ५ बुँदामा लेख्नुहोस् ।

**परियोजना कार्य :**

तपाईं वस्ने वडा वा नजिकैको वडामा रहेको सामाजिक काम गर्ने कुनै एउटा संस्थाको बारेमा परिचयात्मक लेख लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# नगर गान

ढुकढुकी भन्दा प्यारो छ हामीलाई बनेपा नगरी -२
श्रमले बाँच्ने सिपले जिउने हामी छौ जाँगरी -२
बनेपा नगरी हामी छौ जाँगरी -२
विविध कला संस्कृति धर्म भाषा र भाषिका
सपना यहीँ फूलेका हुन्छन् बनेपाबासीका -२
नासिका माई टुकुचा नाला बाँस्डोल जनागाल
प्रविधि नौलो भित्र्याई गर्छौं प्रगति हरेक साल -२
बनेपा नगरी हामी छौ जाँगरी -२
पुण्यमाताको अटुट जलले यै भूमि सिंचेको
बासुकी पार्क र गोसाईं थानले सबको मन जितेको -२
करूणा माई चामुण्डा देवी धनेश्वर मन्दिर
पर्यटन विकास गरेर सबको बदल्छौ तग्दिर -२
बनेपा नगरी हामी छौ जाँगरी -२
चण्डेश्वरीको आँगन हो यो उग्रचण्डीको साथ
पौरख गरि गर्वले उच्च राख्ने छौ हाम्रो माथ -२
स्वास्थ्य र शिक्षा कृषि र व्यापार सञ्चारको विकास
छर्दछौं हामी यै भूमिबाट सुनौलो प्रकाश -२
बनेपा नगरी हामी छौ जाँगरी -४